२०५८ सहमति
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

वर्ष १२, अङ्क १, पूर्णाङ्क ३८ (Year 12, Vol. 1, Issue 38 ) वैशाख/जेष्ठ, २०७४ / May 2017, SAHAMATI SANDESH

## वित्तीय सचेतना विशेष

### संस्थागत भनाई

सामान्य अर्थमा वित्तीय कारोबार सम्बन्धी ज्ञान नै वित्तीय चेतना हो । यसले मानव जीवनको लागि अपरिहार्य वित्तीय साधनहरू र वित्तीय कारोवार सम्बन्धी चेतनाको क्षितिज फराकिलो पार्न सहयोग पुऱ्याउँछ । वित्तीय पहुँच न्यून भएको नेपाल जस्तो मुलुकमा वित्तीय चेतनाको अभिवृद्धि अत्यन्त आवश्यक छ । यस चेतानाले आम जनमानसलाई बैंकिङ तथा वित्तीय सेवाको उपभोगप्रति अभ्यस्त तुल्याउँछ । यसबाट सूचना प्रविधिमा भएको तीव्र विकासले वित्तीय बजार र उपकरणमा थपेको जटिलता र तिनीहरूमा अन्तर्निहित जोखिमलाई न्यूनीकरण गर्न सघाउ पुऱ्याउँछ ।

वित्तीय चेतनाको माध्यमबाट आम जन समुदायमा बैंकिङ बानीको विकासमा थप योगदान पुगी बचत मार्फत पुँजीको सिर्जना, औपचारिक क्षेत्रबाट सापेक्षित रूपमा सस्तो व्याजदरमा कर्जा उपयोग मार्फत उत्पादन, उपभोग, लगानी, रोजगारीमा सकारात्मक प्रभाव पर्ने तथ्य विकसित राष्ट्रहरूको उदाहरणबाट स्पष्ट भइसकेको छ ।

सामान्य बैंकिङ प्रक्रिया र नियमहरू नजानेर आफू ठगिएको, अलमलमा परेको तथा बैंक तथा वित्तीय संस्थाहरूले निजहरूलाई अन्योलमा राखेको भन्ने जस्ता गुनासाहरू आम जनताहरूबाट आउने गरेका छन् । वित्तीय ज्ञानको अभिवृद्धिद्वारा यस्ता समस्याहरूको न्यूनीकरण र समाधान गर्न सकिन्छ । वित्तीय चेतनाले बैंकिङ सेवा उपयोग गरी आफ्नो धनको सुरक्षा तथा आर्थिक उन्नति कसरी गर्ने भन्ने विषयका अतिरिक्त बैंक तथा वित्तीय संस्थाको काम, कर्तव्य, अधिकार सहित निक्षेप संकलन, कर्जा प्रवाह, ब्याज लिने दिने प्रक्रिया र समय, कर्जा लिनु पर्दा अपनाइने तरिका, कर्जाको उपयोगबाट हुने फाइदाहरू, कर्जा दुरुपयोग गर्दा हुने नकारात्मक परिणामबो पनि पर्याप्त जानकारी हाँसिल गर्न सहयोग पुग्छ ।



सहमतिद्वारा प्रकाशन हुने यस अंकका लागि आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण सुझाव सहितका लेख, रचना संकलन गर्ने कार्यमा संलग्न साथीहरु, प्रकाशनमा बित्तिय सहयोग पुऱ्याउने मर्सिकोर नेपालका साथै यस अंक प्रकाशनमा लागि पर्नुहुने केन्द्रीय कार्यालयमा कार्यरत सबै साथीहरुलाई पनि धन्यवाद दिन चाहान्छु ।

**होमनाथ सुवेदी**
अध्यक्ष

### हार्दिक मंगलमय शुभकामना

**नव वर्ष २०७४ को सुखद उपलक्ष्यमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

**सहमति परिवार**

### यस भित्र .......

❑ विभिन्न साझेदारी कार्यक्रमहरुमा सहकारी सम्बन्धी सचेतना र यसले पारेको प्रभाव एवं वस्तुस्थितिका सम्बन्धमा लेखिएका लेख तथा रचनाहरु ।
❑ हाल सञ्चालित कार्यक्रमहरुको उपलब्धीहरु ।
❑ कार्यक्षेत्रमा भएका विभिन्न कार्यक्रमहरुको फोटो झलकहरु ।

**सहमति सन्देश**

वर्ष–१२, अङ्क–१, पूर्णाङ्क–३८
(वैशाख/जेष्ठ २०७४/May 2017)

**संरक्षक**
होमनाथ सुवेदी
अध्यक्ष, सहमति

**सम्पादन**
करुणा सागर सुवेदी/कार्यकारी निर्देशक
डिल्ली राज पौडेल/प्रशासन तथा वित्त अधिकृत

**संकलन तथा संयोजन**
रीता कुमाल

**विशेष सहयोगी**
विजय सुवेदी
सुन्दर बाबु बानिया
सुरेश पौड्याल
जनक सुवेदी

**प्रकाशन सहयोगी**
MERCY CORPS

**पत्राचार तथा सुझावका लागि**
**सहमति**
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०७८–५०२०९०, ५०२२७७, ५०२३७३
फ्याक्स : ०७८–५०२२७७
इमेल : sahamatico@gmail.com
info@sahamati.org
वेभसाइट : www.sahamati.org

**मुद्रण :**
शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोनः ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय.........

समुदाय र मानवता विकासका लागि राज्यले लिएका दीर्घकालिन लक्ष्य प्राप्तिमा सहयोगीको भूमिका निर्वाह गर्न र सकारात्मक योगदान पुऱ्याउन २०५८ सालमा सहमति संस्था स्थापना हुँदै गर्दा नेपाली समाजमा औपचारिक वित्तीय संस्थामा आम मानिसको पहुँच निकै न्यून अवस्थामा थियो । त्यस समयमा देशमा आन्तरिक द्वन्दसमेत चलेकाले ग्रामिण क्षेत्रमा स्थापना भएका औपचारिक वित्तीय संस्थाहरु पनि आ-आफ्ना शाखाहरु बन्द गर्दै सहर केन्द्रित भएका थिए भने अर्कातर्फ ग्रामीण क्षेत्रमा बस्ने न्यून आय भएका, कम शिक्षित तथा सिमान्तकृत समुदायका व्यक्तिहरुको वित्तिय सेवामा पहुँचको अवस्था त झन् निकै नाजुक अबस्थामा रहेको थियो । न्यून लागतमा तथा सरल प्रक्रियाबाट वित्तीय सेवाहरुको आवश्यकता सबैभन्दा बढी कम आय भएका मानिसहरुलाई पर्दछ त्यसैले यस्तो आवश्यकता पूरा गर्न समुदायकै व्यक्तिहरुको सामुहिक लगानीमा प्रवर्द्धन गर्न सकिने सहकारी संस्थाहरु मार्फत हुन सक्दछ भन्ने बिकल्पलाई थप मलजल गर्दै संस्था स्थापनाकै वर्ष मकवानपुर जिल्लामा ग्रामिण महिलाहरुको सक्रियतामा स्थापना भएका महिला सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गर्दै शुरु भएको आम मानिसहरुलाई औपचारिक वित्तीय संस्थामा पहुँच पुऱ्याउने सहमतिको अभियान आज सिन्धुली, बाग्लुङ्ग, म्याग्दी, नवलपरासी, कपिलवस्तु हुँदै देशका विभिन्न जिल्लाहरुमा विस्तार भएको छ । पछिल्लो समय देशमा शान्ति स्थापनासँगै वित्तीय संस्थाहरुको संख्यामा पनि उल्लेख्य वृद्धि भएको छ । ग्रामीण क्षेत्रमा समेत औपचारिक वित्तीय संस्थाहरुको पहुँचमा विस्तारै सुधार हुँदै गइरहेको अवस्था, वैदेशिक रोजगारी मार्फत ग्रामिण क्षेत्रमा उल्लेख्य मात्रामा भित्रिएको विप्रेषण तथा भर्खरै शुरु हुँदै गरेका साना तथा मझौला उद्यमहरुले पनि वित्तीय सेवाको पहुँचसँगै वित्तिय शिक्षा र सचेतनाको आवश्यकता महशुस हुन थालेको छ । हिजो औपचारिक वित्तीय संस्थामा पहुँच नै नभएका ग्रामीण क्षेत्रका समुदायलाई अनौपचारिक क्षेत्रबाट निकै महँगो लागतमा सो सेवा लिनुपर्ने बाध्यता थियो भने आज औपचारिक संस्थामार्फत ग्रामीण क्षेत्रमा नै त्यस्ता सेवा उपलब्ध त भइरहेको छ तर उक्त सेवाहरु लिन तिर्नुपर्ने लागत अझै घट्न सकेको छैन । अर्कोतर्फ सामुहिक जमानीमा एउटै व्यक्तिले धेरै संस्थाहरुबाट ऋण सेवा लिने प्रवृति पनि पछिल्लो समय निकै मौलाएको छ । यसले त झन ग्रामीण समुदायका मानिसलाई वित्तिय सचेतनाको टड्कारो आवश्यकता महशुस हुन थालेको छ ।

सैद्धान्तिक रुपमा वित्तीय सेवामा पहुँच भनेको बचत, ऋण, विप्रेषण र विमा जस्ता वित्तीय सेवालाई आम मानिसको सहज पहुँचमा पुऱ्याउनु नै हो । अर्कोतर्फ वित्तीय सचेतनालाई हामी वित्तीय सेवामा पहुँच बढाउन आम मानिसलाई त्यस्ता सेवाका बारेमा चेतनशील बनाउने, सो सम्बन्धी जानकारीहरु र सूचना हस्तान्तरण गर्ने र अनौपचारिक क्षेत्रबाट हुने वित्तीय शोषण र ठगीको जोखिमबाट बच्न सघाउने औजारको रुपमा बुझ्न सकिन्छ ।

नेपालको सन्दर्भमा हेर्दा पछिल्लो समय वित्तीय सेवा प्रदायकहरुको संख्यामा उल्लेख्य वृद्धि भएपनि समुदायका सबै वर्गका मानिसहरुको पहुँच जस्ता औपचारिक संस्थामा अझै पुग्न सकेको छैन भने अर्कोतर्फ उपलब्ध सेवा प्रदायक मध्येबाट सेवा लिँदा तिर्नुपर्ने लागतको तुलनात्मक विश्लेषण गर्न नसक्नु, व्यवसायको जोखिम न्यूनिकरणका लागि विमाको प्रयोग गर्न, व्यवसायको योजना बनाएर आवश्यकताका आधारमा मात्रै ऋण लिने, भुक्तानी गर्ने योजना र बचत गर्ने विषयमा पनि पर्याप्त चेतना पुगेको छैन । यसर्थ विप्रेषणबाट प्राप्त आम्दानीलाई सदुपयोग गर्न होस् वा अन्य कुनै प्रयोजनका लागि पनि वित्तीय सेवा प्रयोग गर्न पर्याप्त वित्तीय सचेतना बढाउन अत्यन्त आवश्यक देखिन्छ । समग्रमा हेर्दा देशको आर्थिक समृद्धिका लागि आर्थिक गतिविधिहरुमा संख्यात्मक रुपमा ठूलो वृद्धिको आवश्यकता सँगसँगै त्यस्ता गतिविधि बढाउन आम मानिसलाई वित्तीय रुपमा सचेत बनाउनु प्राथमिक कार्य हुन सक्दछ । नेपाल सरकार, राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्था साथै वित्तीय सेवा प्रदायक संस्थाहरुले पनि जीविकोपार्जन होस् वा आर्थिक समृद्धिको जुनसुकै कार्यक्रम सञ्चालन गर्दा वित्तीय सचेतनालाई पनि अनिवार्य औजारको रुपमा स्वीकार गरी यसका लागि आवश्यक नीति बनाई कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

# सफल-२ परियोजनाले सहकारीमा ल्याएको परिवर्तन

✍ विजय सुवेदी
कार्यक्रम सयोंजक, सहमति/सफल-II

सहमति र मर्सिकोर नेपालको साझेदारीमा वित्तीय सेवा तथा जीविकोपार्जनमा दिगो पहुंच-२ (सफल-२) परियोजना जून २०१६ देखि नेपालका पूर्वी ५ वटा पहाडी जिल्ला क्रमश: संखुवासभा, भोजपुर, तेह्रथुम, पाँचथर र ताप्लेजुङमा स्थापना भएका १३४ वटा सहकारी संस्थाहरु र जिल्ला बचत तथा ऋण सहकारी संघहरुको संस्थागत क्षमता अभिवृद्धि गरी संलग्न सदस्यहरुको वित्तीय सेवा तथा जीविकोपार्जनमा दिगो पहुँच पुऱ्याउने अभिप्रायले यस कार्यक्रम सञ्चालन भइरहेको छ । यसै गरी यस परियोजनबाट ५ वटा जिल्लामा रहेका १३४ सहकारीहरुलाई विभिन्न तालिम, गोष्ठी, फर्निचर सहयोग र वित्तीय साक्षरता कक्षा जस्ता कार्यक्रमहरु गरी सहकारी संस्थाको संस्थागत विकासमा सहयोग गरिरहेको छ ।

यस परियोजनाको मुख्य उद्देश्यहरु सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउने, जिल्ला बचत तथा ऋण सहकारी संघको क्षमता विकास गरी सहकारीका सदस्यहरु माझ अन्तर लगानी ऋण, स्थानीयस्तरमा दक्ष जनशक्ति विकास गर्ने र औपचारिक वित्तीय सेवामा पँहुच पुऱ्याउन वित्तीय साक्षरता अभियान संचालन गर्ने रहेको छ ।

यस परियोजनाले औपचारिक वित्तीय सेवा र जीविकोपार्जनमा पहुँच वृद्वि गरी गरिवि न्यूनिकरणमा सहयोग पुऱ्याउने लक्ष्य राखेको छ ।

यसरी विभन्न कार्यक्रमहरु गरिरहँदा यसै परियोजना अन्तर्गत परिक्षणको रुपमा युवाहरुलाई लक्षित गरी १४ दिनको युवा वित्तीय साक्षरता कक्षा ५ वटा जिल्लामा सुरु गरियो । यसबाट १२ देखि १९ वर्षका भाइवहिनिहरुलाई कक्षा दिँदा युवाहरू बाल्यावस्थाबाट प्रौढ, वित्तीय निर्भरताबाट आत्मनिर्भरतामा रूपान्तरित हुन लागेको अवस्थामा रहन्छन् । यस अवस्थामा समाजमा उनीहरूको भूमिका परिवर्तन हुँदै जान्छ र उनीहरूले नयाँ आर्थिक दायित्व निर्वाह गर्नुपर्ने हुन्छ । यसकारण जीवनको लक्ष्य निर्धारण गर्न र लक्ष्य प्राप्तिमा सघाउन युवाहरूलाई वित्तीय व्यवस्थापनसम्बन्धी ज्ञान दिइ सक्षम बनाउनु आवश्यक छ । युवाहरूलाई आफ्नो लक्ष्य प्राप्त गर्न उनीहरूलाई उपयुक्त हुने दिगो वित्तीय सेवाहरू जस्तै ऋण, बचत र बिमा सुविधाहरूमा उनीहरूको पहुँच हुनु आवश्यक छ । साथै वित्तीय सेवाहरू कसरी उपयोग गर्ने र सुसूचीत रूपमा बचत, बचत वृद्धि, ऋण लिने र वित्तीय जोखिमबाट सुरक्षित हुने सम्बन्धमा पनि उनीहरूमा जानकारी हुनुपर्दछ । यस्ता तालिम कार्यक्रमले बजेट निर्माण तथा वित्तीय सेवाहरू प्राप्त गरेर वित्तीय निर्णय गर्ने, विवेक पुऱ्याएर खर्च गर्ने सम्बन्धमा युवाहरूलाई आधारभूत वित्तीय व्यवस्थापन ज्ञान, सीप सिकाउने उद्देश्य लिएको हुन्छ ।



फलस्वरूप, युवा उद्यमीहरूले लघु उद्यमहरू लामो अवधिसम्म सञ्चालन गर्न सक्नेछन् र यसबाट युवाहरूका लागि थप रोजगारी सिर्जना हुनेछ । औपचारिक शिक्षा कम भएका युवा महिला र युवा पुरुषहरूलाई सरल रूपमा प्रशिक्षण दिई दिगो रूपमा व्यवहार परिवर्तन गर्न सहभागितामूलक तरिका अपनाएको हुन्छ । उनिहरुमा बचत गर्नुपर्छ र अनावश्यक खर्च गर्नु हुँदैन, केही रकम खर्च गरेर भविष्यको लागि बचत गर्नुपर्छ भन्ने कुरा सिकेको बुझियो । यसै परियोजना अन्तर्गत वयश्कहरुलाई पनि २६ दिनको वित्तीय साक्षरता कक्षा सञ्चालन गरिरहँदा धेरैजसो सहभागिहरु सहकारीमा आबद्ध भई बचत गर्ने बानीको विकास भएको पाइएको छ । साथै यस्ता तालिम, गोष्ठी जस्ता कार्यक्रमहरुले सहकारीहरु अहिले पहिले भन्दा धेरै चेतनामा वृद्धि भएकाले सहकारीहरु तीव्र गतिमा अगाडि बढेको छ ।

हाल सम्म ५ वटा जिल्लामा रहेका १३४ वटा बचत तथा ऋण सहकारी संस्थाहरु र ५ वटा जिल्ला बचत तथा ऋण सहकारी संघहरुलाई कार्यक्षेत्र बनाएर यो परियोजना सञ्चालन गरिएको छ भने ५ वटा जिल्लाहरुमा रहेका सहकारीहरु यस प्रकारका रहेका छन् । यस परियोजनाको कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरु, महिला, पुरुष र पिछडिएका वर्गहरु लक्षित रहेका छन् ।

**सहकारीको वर्गिकरण**

| क्र.स | जिल्ला | महिला | मिश्रित | कृषि | जम्मा |
|---|---|---|---|---|---|
| १ | पाँचथर | ३ | २६ | १ | ३० |
| २ | ताप्लेजुङ्ग | ४ | २६ | | ३० |
| ३ | तेह्रथुम | १ | २२ | १ | २४ |
| ४ | सखुंवासभा | १० | १४ | १ | २५ |
| ५ | भोजपुर | ७ | १८ | | २५ |
| | जम्मा | २५ | १०६ | ३ | १३४ |

यसरी परियोजनाको सहजीकरणमा १ वर्षमा सहकारी संस्थाहरुको लेखा प्रणाली व्यवस्थित हुँदै गएको छ । ठीक समयभित्र लेखा परीक्षण गरी साधारण सभा सम्पन्न भइरहेको छ । सबै सहकारीहरुको बचत तथा ऋण निति समय सापेक्ष संशोधन गरी त्यसलाई कार्यान्वयन गरिएको छ । परियोजना मार्फत ४४ वटा सहकारीहरुको व्यवसायिक योजना तर्जुमा भई क्रमिक रुपमा उपलब्धि भइरहेको छ । संस्थामा आन्तरिक नियन्त्रण र सन्तुलन प्रक्रिया व्यवस्थित भएको छ । सहकारी

संस्थाहरुमा भवन, फर्निचर तथा कम्प्युटर जस्ता भौतिक पूर्वाधारहरुको क्रमिक विकास हुँदै गएको छ । सरकारी तथा अन्य संघ संस्थाहरुसँग सम्पर्क समन्वय वृद्धि हुँदै गएको छ । बचतका प्रकारहरुको विविधिकरण गर्दै बचत रकममा वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकको ग्रामिण स्वावलम्बन कोषबाट १२ वटा सहकारी संस्थाहरुले ऋण माग गरेको र अन्य सहकारीहरुको कागजात तयारी हुँदै गरेको छ । वालि विमा र पशु विमा सहकारी मार्फत शुरु गरी शेयर सदस्यहरुलाई विमाको बारे बुझाउन सकिएको छ । सहकारीमा रहेका सञ्चालक समिति र अन्य उपसमितिहरुमा सक्रियता वृद्धि हुँदै गएको छ । हाल सम्म १३४ वटा सहकारीहरुमध्ये ६० वटा सहकारीहरु नियमित खुल्ने गरेको छ । सखुंवासभाको साविकको धुपु गा.वि.स, पाँचथरका साविकको लुम्फावुङ गा.वि.स र तेह्रथुमको साविकको चुहानडाँडा गा.वि.स लाई शतप्रतिशत घरधुरी सहकारीमा आवद्ध घोषणा गरिसकेको छ । विभिन्न तालिम मार्फत स्थानीय स्तरमा रहेका सहकारीकर्मीहरुलाई दक्ष वनाई क्षमता विकासमा सहयोग गरेको छ ।

| क्र.स | विवरण | परियोजनाको सुरुको अवस्था | हालको अवस्था | वृद्धि |
|---|---|---|---|---|
| १ | शेयर सदस्य | ४५८५० | ६०१३३ | १४२८३ |
| २ | शेयर पूर्जी | ३,८२,२१,६०० | ६,५३,४९,७०० | २७१२८१०० |
| ३ | बचत रकम | २३,४८,९०,६७७ | ३३,६७,७२,७०९ | १०१८८२०३२ |
| ४ | ऋण लगानी | ३०,८७,०१,६२० | ४८,४९,६५,६६६ | १७६५६४०४६ |

सहकारीको नियमित सहजिकरणको लागि सहकारी प्रवर्द्धन सुपरिवेक्षकले सहकारीमा गएर लेखा तथा सहकारी सुशासनको बारे छलफल गरी सुधारका उपायहरु र त्यसमा सहयोग गर्ने गरेको छ । त्यसै गरी परियोजनाको सहकारी प्रवर्द्धन अधिकृत, कार्यक्रम सयोंजक र कार्यक्रम सल्लाहकारले सहकारीको अनुगमन र सहकारीको अवस्था तथा अव गर्नुपर्ने र सहकारीको सवल र सुधार गर्नुपर्ने पक्षहरुमा सहकारीमा नै गई गर्ने गरिएको छ । यस्तै गरी सहकारीबाट शेयर सदस्यहरुलाई आयमूलक, आकस्मिक, सामाजिक ऋण तथा विभिन्न बचतहरुको सेवा उपलब्ध गराउदै आइरहेको छ । आफ्नो गाउँमै बचत जम्मा गर्ने र सजिलैसँग ऋण दिन सक्ने सहकारीहरु सशक्त बन्दै गएको छ । सहकारी संस्थाहरु सहकारी सञ्जालहरुमा जस्तै नेपाल केन्द्रीय बचत तथा ऋण सहकारी संघ, जिल्ला सहकारी संघ, जिल्ला बचत तथा ऋण सहकारी संघ समेत आवद्ध भएको छ । त्यस्तै विभिन्न गा.वि.सहरुमा रहेका सहकारीहरुको स्थापनाले बचत गर्ने वानीको विकास बढ्दै गएको छ । सदस्यहरुले गरेको बचत व्यवसायिक प्रयोजनको लागि होस् या घरायसी प्रयोजनको लागि होस्, लिएको ऋणबाट गरेको प्रगति देखेर बचत गर्ने भन्नेकुरा ठूलो कुरो रहेछ भन्नेकुरा बुझेको अवस्था छ ।

**सिकाइहरु**

- कार्यक्रममा कार्यरत कर्मचारीहरु दक्ष भएको अवस्थामा नतिजा छिटो हासिल गर्न सकिने ।
- परनिर्भरता हुने खालका क्रियाकलापहरु गर्न नहुने ।
- सहकारी संस्था आफ्नो हो भन्ने धारणा विकास भएमा वृद्धि विकास छिटै हुने रहेछ ।
- संस्थामा भूगोल, समाज, आम्दानी अनुसार बचतको उत्पादन बढाई पूँजी वृद्धि गर्न सकिने ।
- समिति, लेखा तथा सुपरिवेक्षण समिति, उपसमितिलाई काम कर्तब्य प्रति उत्तरदायी बनाउन सकेमा मात्र संस्था दिगो हुँदो रहेछ ।
- सहकारी संस्थामा लगानी क्षमता बढ्दै जाँदा सदस्यहरुमा व्यवसायिक सचेतना र सीप वृद्धिमा जोड दिंदै जानुपर्छ ।
- सहकारीमा हुने व्यापक सहभागिताले सामाजिक सशक्तिकरण र आर्थिक सशक्तिकरण दुवैलाई सँगसँगै अगाडी लैजान सकिन्छ ।
- समुदाय र सरकारी निकायविचको सम्पर्क समन्वय बढ्नाले ग्रामीण समुदायको श्रोतमाथीको पहुँच बढ्दछ ।

यसरी सहमति र मर्सिकोर नेपालको साझेदारीमा सञ्चालित सफल-२ परियोजनले विभिन्न तालिम र सहकारीमा नै गएर सहजिकरण गरेर सहकारी संस्थाहरुको संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याएको छ भने शेयर सदस्य, बचत रकम, शेयर पूँजिमा समेत क्रमिक रुपमा वृद्धि हुदै गएको छ । त्यस्तै नेपालको ग्रामीण क्षेत्रमा बसावोस गर्ने समुदायका लागि औपचारिक वित्तीय सेवाको उपलब्धता नै चुनौतीको रूपमा रहेको छ । वित्तीय सेवाको उपलब्धता मात्रले पनि गरीवी निवारण हुन सक्ने देखिदैन । जवसम्म गरीव समुदायले आफूसँग उपलब्ध भएको श्रोत र साधनको सही तरिकाले उपयोग गर्न सक्दैनन् तवसम्म सोचे अनुसारको उपलब्धि हाँसिल हुन सक्दैन । तसर्थ वित्तीय सेवाको पहुँचलाई प्रवेश विन्दु मानेर उपलब्ध वित्तीय सेवाको उपयोग उत्पादनमूलक क्षेत्रमा गर्नसके सेवा विस्तार सार्थक हुन सक्दछ ।

❖❖❖


## हार्दिक मंगलमय शुभकामना





सहमति संस्थाका निवर्तमान अध्यक्ष एवं वर्तमान कार्यसमितिका सदस्य **श्री रत्नप्रसाद सापकोटा**, गणतन्त्र दिवशको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट सामुदायिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरुप प्रदान गरिने **जनसेवा श्री पदक**बाट विभुषित हुने अवसर प्राप्त भएकोमा सहमति संस्थालाई सामाजिक क्षेत्रमा थप काम गर्ने हौसला र प्रेरणा मिलेको छ । राष्ट्रियस्तरको पदक प्राप्त गर्न सफल हुनु भएकोमा विभुषित हुनु हुने श्री रत्नप्रसाद सापकोटाप्रति हार्दिक बधाई एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

**सहमति परिवार**

# पूर्वाअन्चलमै पहिलो पटक सहकारीमा शतप्रतिशत आबद्धता

✍ रस्तधन राई
सहकारी प्रवर्द्धन अधिकृत, संखुवासभा, सहमति/सफल-II

नेपालको पूर्वमा अवस्थित कोशी अञ्चलको उत्तरी हिमाली संखुवासभा जिल्लाको संसारकै होंचो अरुण उपत्यका क्षेत्र तथा संसारकै पाँचौ अग्लो हिमाल मकालुको काखमा अवस्थित खाँदबारी सदरमुकामदेखि उत्तर-पूर्व १६ किलोमिटर दुरीमा पर्ने सुन्दर धुपु गा.वि.स.भित्र कार्यक्षेत्र बनाई महिला तथा बालवालिका कार्यालय संखुवासभाको सहयोगमा मिति २०६३।१।१५ गते जम्मा २५ जना संस्थापक शेयर सदस्यहरुबाट प्रवेश शुल्क प्रति सदस्य रु.२५।- र शेयर वापत रु.१००।- का दरले जम्मा रु.३,१२५।- (तिन हजार एक सय पच्चिस) मात्र संकलन गरी प्रारम्भिक साधारण सभाबाट ९ जना तदर्थ समिति गठन गरी मिति २०६३।२।१४ मा विधिवत रुपमा श्री चेतनशील महिला बचत तथा ऋण सहकारी संस्था लि. महिलाहरुको सक्रियतामा दर्ता भएको हो ।



संस्था दर्ता पश्चात २०६८ सालसम्म १५७ जना सेयर सदस्यहरुले मासिक रुपमा रु.१०।- देखि रु.२०।- का दरले नियमित बचत रु.२,३१,८१०।- संकलन गरी ऋण लगानी रु.४,६६,०००।- साथै कूल कारोवार रु.४,६९,४८१।- रहेको थियो भने विभिन्न व्यक्ति, संस्थाहरुको सहयोगबाट १ तले २ कोठे आफ्नै भवन निर्माण गर्न सफल भएको थियो । यस अवधिको अवस्थालाई हेर्दा शेयर सदस्य संख्या कम, बचत रकम कम, सञ्चालक समिति, लेखा समिति र उपसमितिहरुको नियमित बैठक नभएको तथा सक्रियता कम रहेको साथै २ वर्षसम्म लेखा परीक्षण गर्न नसकी बार्षिक साधारणसभा गर्न नसकिराखेको अवस्था रहिरहेको समयमा २०६८ साल असार महिनादेखि मर्सिकोर नेपाल र नेफ्स्कूनको साझेदारीमा प्रोमिस परियोजना, त्यसैगरी जिल्ला बचत तथा ऋण सहकारी संघ संखुवासभासँग सफल-१ परियोजनाहरु संचालन गरी संस्थालाई विभिन्न तालिम, मसलन्द, कम्प्यूटर, प्रिन्टर, दराज, कुर्सी तथा प्राविधिक सहयोग, अध्ययन भ्रमण, वित्तीय साक्षरता कक्षा, सहकारी सचेतना सम्बन्धी कार्यक्रम गरी सहकारी पुन: सञ्चालनको सुरुवात भएको हो । सहकारी संस्थालाई प्रवर्द्धन गर्न महिला तथा बालबालिकाको कार्यालय हो भने हुर्काउने बढाउने मर्सिकोर, नेफस्कून, बचत संघ र सहमति संस्थाको योगदान रहेको कुरा भन्न रुचाउँछन् । संस्थाले गति लिन थालेपछि महिला तथा बालबालिका कार्यालय संखुवासभाले नियमित कार्यक्रम बाहेक गरिवी निवारणको कार्यक्रम वडा नं. १, २ ,४, ५, ६ र ८ मा ४५० जनालाई, साझा व्यवसाय कार्यक्रम १५० जनालाई प्रदान गर्नाले पनि संस्थालाई गतिशिल बनाउन थप सहयोग मिलेको छ ।



यस संस्थाका सदस्य तथा धुपु गा.वि.का.आमा दिदी बहिनीरुले सामान्य बचत तथा ऋणको कारोबार गर्ने साथै महिला तथा बालबालिका कार्यालयबाट अनुदान तथा तालिम प्राप्त गर्ने मुख्य बुझाईका साथ दर्ता गरीएको यो संस्थाले परिकल्पना नै नगरेको कार्य २०७३ साल फाल्गुन ६ गते शुक्रबारका दिन धुपु गा.वि.स.का सचिव श्री प्रमित कुमार कर्णको अध्यक्षतामा, नि.स्थानीय विकास अधिकारीको प्रमुख आतिथ्यता, सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, जिल्ला शिक्षा, जिल्ला पशुसेवा, महिला तथा बालबालिका, जिल्ला कृषि विकास कार्यालय, त्यसैगरी छिमेकी गा.वि.स. सचिव, बचत तथा ऋण सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, पत्रकार, स्थानीय समाजसेवी तथा शेयर सदस्यहरुको विशाल सहभागितामा जिल्लामै पहिलो पटक धुपु गा.वि.स.लाई शतप्रतिशत घरधुरी आवद्धता घोषणा गर्न सफल भएका छौ । हालसम्मको विवरण अनुसार सहकारीको क्षेत्रमा पूर्वाअञ्चलमै औपचारिक रुपमा गा.वि.स.लाई शतप्रतिशत आबद्धता घोषणा गर्ने कार्य पहिलोपटक भएको हो ।

धुपु गा.वि.स.को विवरण अनुसार ९८१ घरधुरी रहेको र मिति २०७३ साल माघ २७ गते बसेको सर्वदलीय बैठक बस्दासम्म १,०५३ जना शेयर सदस्य भई शतप्रतिशत भएको हो । शतप्रतिशत आवद्धता सम्बन्धी सफल-१ परियोजना सञ्चालन भएको समयमा छलफलसम्म भएको थियो तर मूर्त रुपमा काम गर्न नसकिरहेको अवस्थामा मर्सिकोर

नेपाल र सहमति संस्थाको साझेदारीम वित्तीय सेवा तथा जीविकोपार्जनमा दीगो पहुँच (सफल-२) परियोजना २०७३ साल असार महिनादेखि सुरुवात भएपछि सर्वप्रथम स्थानीय स्तरमै २ दिने लेखा व्यवस्थापन सम्बन्धि प्राविधिक सहयोग कार्यक्रममा छलफल गरी व्यवसायिक योजना मिति २०७३ साल भदौ ३ गतेदेखि ५ गतेसम्मको तालिममा योजना समावेश गरी सञ्चालक समितिहरुको सक्रियतामा सफल-२ परियोजना अन्तर्गत प्राविधिक तथा आर्थिक सहयोगमा टोलटोलमा सहकारी सचेतना सञ्चालन तथा २ स्थानमा वित्तीय साक्षरता कक्षा संचालन गरी सफल-१ को अन्तसम्म भएको शेयर सदस्य संख्या ७८४ जनाबाट थप भई १,०५३ जना पु¥याउन सफल भएका हौ । जुन शतप्रतिशत घरधुरी आवद्धता गर्ने कार्यमा धुपु गा.वि.स.का.सामाजिक परिचालकको पनि महत्वपूर्ण सहयोग रहेको छ ।

यसै गरी सफल-१ को अन्त सम्मको र सफल-२ शुरु भएपछि २०७३ साल माघसम्मको अन्य प्रगतिलाई हेर्दा बचत खाता ९६८ बाट बृद्धि भई १,३८३ वटा, बचत (निक्षेप) रु.४५,०५,१९०।- बाट वृद्धि भई रु.६४,५०,१२८।-, शेयर रकम रु.२,३१,९००।- बाट बृद्धि भई रु.४,७८,४००।-, ऋण लगानी रु.६२,७६,५००।- बाट बृद्धि भई रु.८५,८२,०००।-, कर्मचारी संख्या १ जनाबाट थप भई २ जना, अफिस खोल्ने दिन १० दिनबाट बढाई महिना दिन अर्थात नियमित खोल्ने गरेको, बचतको प्रकार नियमित, ऐच्छिक, बाल बचत रहेकोमा दैनिक बचत, खुत्रुके बचत सुरुवात गरेका छौ । त्यसै गरी स्थानीय श्रोत व्यक्तिको तालिममा भएको छलफलबाट प्रभावित भई क्रियाकोष संकलन सुरुवात भएको छ भने थोक मिति २०७३ साल पौष २६ गते कर्जा पहूँच अभिवृद्धि कार्याशाला गोष्ठिमा सहभागि भई नेपाल राष्ट्र बैंक ग्रामीण स्वावलम्वन कोषबाट सुलभ व्याजदरको ऋण माग फाइल पेश गरी सकिएको छ ।

यस संस्थाको सफलतासँगै चुनौतिहरु पनि रहेका छन् । यी चुनौतिहरुलाई हेर्दा पहिलाको असफल वहुउद्देश्यीय सहकारी संस्थाको छाप, पुरुष प्रधान देशमा पुरुषहरुले अड्कलबाजी गरी भ्रमात्मक सहकारीका कुरा गर्ने गरेको, अधिवेशनको समयमा यदाकदा राजनैतिक हिसाबले हेर्ने प्रयास गर्न खोजिएको, कार्यालय भवन केहि असुरक्षित स्थानमा भएको, भौगोलिक हिसावले बचत संकलन गर्न कठिनाई भईरहेको चुनौतिका बाबजुत पनि हामी धुपु गा.वि.स.का दिदि बहिनीहरुले सहकारीको १० मुल्य मान्यता, ७ सिद्धान्त तथा ऐन, कानुन, मापदण्डलाई कार्यान्वयमा जोड दिँदै सम्पूर्ण धुपु बासिहरुलाई सहकारी भनेको गर्भदेखि मृत्यूसम्म साथ दिने आफ्नै संस्था हो भन्ने कुरा प्रति सकारात्मक बनाई छाड्ने अठोट लिएका छौ साथै काउन्टर बनाई विद्युतीय प्रविधिबाट (सफ्टवेयर), सहज वित्तिय सेवा प्रदान गरी जीविकोपार्जनमा दीगो पहुँच बढाउने योजना रहेको धुपु गा.वि.स. वडा नं. ७ ज्यामिरे निवासी संस्थापक सदस्य एवं व्यवस्थापक श्री सविता कालाखेतिले बताउनु भयो । व्यवस्थापक कालाखेतीका अनुसार शतप्रतिशत आवद्धता घोषणाले संस्थाको जिल्लास्तरसम्म साथै गा.वि.स.वासिको घरघरसम्म सहकारीप्रति सकारात्मक सन्देश पु¥याउन सफल भएको छ ।

❖❖❖

# हार्दिक बधाई तथा शुभकामना





श्री डा. हरिहर आचार्य



श्री रागिनी उपाध्याय



सामाजिक विकासका क्षेत्रमा उल्लेखनीय योगदान पु¥याउने व्यक्तिहरुलाई कदर स्वरुप संस्थाले हरेक तीन/तीन वर्षमा **'सहमति राष्ट्रिय पुरस्कार'** प्रदान गर्दै आईरहेको छ । मिति २०७३ मंसिर ५ गते सम्पन्न संस्थाको १८ औं बार्षिक साधारण सभामा **श्री डा. हरिहर आचार्य**, समाजशास्त्री र **श्री रागिनी उपाध्याय**, कलाकार तथा समाजशास्त्रीलाई नगद रु.१५,०००।- सहित सम्मानित हुनु भएकोमा वहाँहरुलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

# सहकारी संस्था र वित्तिय सचेतना

✍ कमलप्रसाद सापकोटा
लघुवित्त संयोजक, जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम

धेरैजना एक आपसमा मिलेर सबैको हितको लागि गरिने काम नै सहकार्य हो । परम्परादेखि नै यस्तो कार्य कुनै न कुनै रुपमा हुँदै आएको पाइन्छ । भविष्य तथा वर्तमानमा नै उपयोगमा ल्याउन सकिने वस्तुहरुलाई जतनसँग राख्ने र सो को परिचालन गरी आफ्नो जीवन निर्वाह र उन्नति गर्ने तर्फ सबै केहि न केहि रुपमा अग्रसर भएको देखिन्छ । जहाँ सर्वसुलभ रुपमा वित्तिय पहुँच पुगेको छैन । जहाँ आर्थिक क्रियाकलापहरु कम मात्रामा हुन्छन् त्यस्तो स्थान वा ठाउँमा वित्तिय ज्ञान सीपको धेरै खाँचो परि रहेको हुन्छ । वित्तले नै धेरै क्रियाकलापलाई परिचालित गर्ने भएकोले देशका ग्रामीण भेग वा शहरी भेग सबै ठाउँमा यसको महत्व रहेको छ ।

सहमति र अक्सफामको साझेदारीमा नवलपरासी जिल्लाका केही स्थानहरुमा सञ्चालन गरिएको जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम



पनि एउटा उदाहरणको रुपमा रहेको छ । यस कार्यक्रमको कार्यस्थल पहाड तथा जनजाती र दलितहरुको विशेष वाहुल्यता रहेको छ । सरकारी तथा गैरसरकारी वित्तिय सेवाको पहुँचबाट टाढा रहेकोले सहमति संस्थाको पहलमा सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सो सहकारीका माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक रुपमा सशक्त गराउने उद्देश्यले कार्य भइरहेको छ । मानिसले केही न केही क्रियाकलाप अर्थात् कामहरु गरिरहेको हुन्छ । मानिस त्यसै हात बाँधेर बसेको हुँदैन आर्थिक क्रियाकलापमा पनि संलग्न भइरहेको हुन्छ । जति आम्दानी गरेको छ त्यो सबै खर्च गर्ने बानी हुन्छ । आवश्यकताहरु पनि धेरै हुन्छन् र खर्च पनि सबै/धेरै हुन्छ । यस्तो अवस्था भइरहेको समयमा मानिसहरु सचेत हुनु जरुरी छ । कमाई भएको समयमा कमाईको केही भाग/रकम जम्मा गर्ने । कमाई गर्न अर्थात् केही उद्यम व्यवसाय गर्न ऋण लिने कार्य पनि भइरहेको छ । चाहे साहु होस् चाहे वैंक होस्, चाहे समूह होस्, चाहे सहकारी होस् सबैबाट व्यक्तिहरुले ऋण लिएकै छन् । यो पहिले देखि नै आवश्यकताले गर्दा यो प्रक्रिया चल्दै आएको छ ।



हाल जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम सञ्चालन भएका गाउँहरु मुकुन्दपुर, जौवारी, भारतीपुर, नरम, अर्खला, मिथुकरम, रुचाङ र बुलिङ्टारमा सहकारी संस्थाहरुले सदस्यहरुलाई धेरै/थोरै भएपनि बचत गर्नुपर्छ भन्ने बानीको विकास गराएका छन् । सदस्यहरुले नियमित लगायत अन्य बचतहरु पनि गर्ने गरेका छन् । सदस्यहरुमा विश्वास कायम भएमा र बचत गर्दा म ढुक्क हुन्छु भन्ने भएमा एकै व्यक्तिले लाखौ लाख पनि बचत गर्न सक्ने रहेछन् । जुन प्रत्यक्ष रुपमा देख्न सकिन्छ । गाउँ परिवेशमा पनि वित्तिय सचेतनाको विकास भएको छ भन्ने उदाहरणको रुपमा लिन सकिन्छ । यस कार्यरत क्षेत्रमा ४,६२७ सदस्यले वित्तिय ज्ञान प्राप्त गरी प्रत्यक्ष रुपमा सहभागि हुनु भएको छ भने रु.४ करोड बराबरको बचत पनि गर्नु भएको छ । महिला, जनजाति, दलित सबैको यसमा संलग्नता रहेको छ । अवको समय व्यक्ति/सदस्य आफै सचेत हुने समय हो । वित्तले आर्थिक गतिविधि र क्रियाकलापलाई अगाडि बढाउँछ । सबै व्यक्तिहरु वित्तिय रुपमा सचेत हुनु आवश्यक छ । यस कार्यको लागि यस क्षेत्रमा स्थापना भएका सहकारी संस्थाहरुले प्रत्यक्ष रुपमा कार्य गरिरहेका छन् ।

वित्त संकलन तथा परिचालनले यस क्षेत्रका खासगरी महिला दिदी बहिनीहरुलाई बढि क्रियाशिल बनाएको छ । सामाजिक क्रियाकलापमा सक्रिय बनाउने एउटा माध्यम रकम संकलन/वित्त संकलन रहेको छ । घर परिवारमा कुनै व्यापार व्यवसाय गर्नु परेको खण्डमा ऋणको लागि महिलाहरु विशेष अग्रसर हुने गरेका छन् । महिलाले लिएको ऋण सदुपयोग हुने र निश्चित उद्देश्यमा लगानी हुने हुँदा आर्थिक उपार्जन र महिलाको सशक्तिकरणमा सहयोग पुगेको छ । त्यसैले यहाँका धेरै सहकारी संस्थाहरु महिलाको नेतृत्वमा सञ्चालन भइरहेका छन् । सहकारी संस्था र महिलाहरुमा वित्तिय सचेतना वृद्धि हुँदै गइरहेको छ । यसबाट समयको बचत, रकमको बचत, वित्तिय चेतना, फजुल खर्चमा कमी साथै आफ्ना बालबालिकाहरुमा पनि बचत गर्ने बानीको विकास गर्दै लगिरहेको छ ।

❖❖❖

# व्यवसायी बन्नको लागि साहारा बन्यो सहकारी

✍ शम्भु राई
सहकारी प्रवर्द्धन अधिकृत, भोजपुर, सहमति/सफल-II

भोजपुर जिल्लाको आम्तेक गा.वि.स. वडा नं ४ निवासी वर्ष ४५ को गंगा बहादुर राई ७ जनाको परिवार सहित खेतिपाति गर्दै घर व्यवहार चलाई राख्नु भएको छ । गंगा राईलाई पहिला आफ्नो खेतिपातिवाट उत्पादित अन्नबालीबाट घर व्यवहार र दैनिक व्यवहार चलाउनको लागि निकै समस्या पर्थ्यो । घरको कुनै पनि सदस्यहरुको नियमित आम्दानी नभएकोले सम्पूर्ण जिम्मा आफ्नो काँधमा रहन्थ्यो र



त्यो जिम्मेवारी पूरा गर्नका लागि निकै समस्या आई पर्थ्यो । गाउँघरमा पनि साहुको चर्को व्याजमा ऋण चलाउनु पर्ने वाध्यता थियो । जव २०६८ सालमा मर्सिकोर नेपाल र नेफ्स्कुनको संयुक्त साझेदारीमा सञ्चालित प्रमिस परियोजनाको सहयोगमा आम्तेक गा.वि.स.मा पनि श्री मकालु बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना भयो । त्यसपछि सम्पूर्ण ग्रामिण समुदायहरुलाई सहकारीमा आवद्ध गराउनको लागि सहकारी सम्वन्धी गोष्ठी गाउँगाउँमा सञ्चालन र त्यसै अभियान अन्तर्गत गंगा बहादुर राई पनि सहकारीको सेयर सदस्य बन्नु भयो । सहकारीको सेयर सदस्य भएपछि मासिक नियमित वचत गर्न थाल्नु भयो ।



ततःपश्चात् पुनः मर्सिकोर नेपाल र सहमतिको साझेदारीमा सञ्चालित सफल-२ परियोजनाबाट सञ्चालित कार्यक्रम वित्तिय साक्षरता शिक्षा भएको थियो । उक्त कक्षा सञ्चालनसँगै उहाँले पनि उक्त शिक्षा लिए पछि व्यवसायिक बन्ने रहर जाग्यो । उक्त रहरलाई साकार पार्नको लागि लगानी आवश्यक पर्ने भएको कारण आफ्नो लगानीले मात्र नपुग्ने भएको कारण गा.वि.स.का सहकारी मकालु बचत तथा ऋण सहकारी संस्था लि. बाट नपुँग रकम ऋण लिने भन्ने सोचाइले गर्दा सहकारीबाट रु. ३०,०००।- र आफनो लगानी रु. १,३०,०००।- गरी जम्मा रकम रु. १,६०,०००।- लगानीमा कुटानी पिसानी मिल स्थापना गर्नुभयो । अहिले ५० घरधुरीलाई कुटानी पिसानी गरेर सेवा प्रदान गर्दै आएका छन् । अन्य गाउँतिर धान, मकै, कोदो पिस्न लानु पर्ने झन्झटबाट छुट्कारा पाएको बताउँछन तथा सहज भएको गाउँवासीहरु बताउँछन् । मिल सञ्चालन गर्न थालेपछि आफ्नो आम्दानीमा सुधार, घर व्यवहार चलाउन सहज हुन थालेको साथै पशुपालन पनि फस्टाएको बताउनु हुन्छ । मकालु साकोसको ४औं बार्षिक साधरणसभाबााट पनि सफल व्यवसायी भनेर सम्मान हुनु भएको छ । यसको अलवा खेतिपाती पनि गर्दै आफ्नो घर व्यवहार चलाइ रहेको छन ।

❖❖❖



## हार्दिक बधाई तथा शुभकामना





सहमति संस्थाको संस्थागत विकासमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै संस्थाको १८ औं बार्षिक साधारण सभाबाट **'सहमति व्यक्तित्व'** बाट सम्मानित हुनु भएका **श्री नगेन्द्र प्रसाद रिजालज्यूलाई** हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

# मेहनत गरे असम्भव केही नहुँदो रहेछ

✍ संजीव योङ्हाङ्ग
सहकारी प्रवर्द्धन सुपरीवेक्षक,पाँचथर, सहमति/सफल-II



पाँचथर जिल्लाको पूर्वी सिमाना भारत सिक्किमसँग जोडिएको च्याङ्थापू गा.वि.स. जिल्ला सदरमुकामबाट ५ घण्टाको यात्रा पश्चात पुग्न सकिन्छ । विषेशत यहाँ आदिवासी जनजातीको बढी बाहुल्यता पाइन्छ । प्राय गरेर यहाँका मानिसहरु कृषि क्षेत्रमा काम गरेता पनि मानिसहरुलाई आफूले उब्जनी गरको अन्नपातबाट १ बर्षसम्म खानका लागि धौ धौ परेको पाइन्छ । सबै मानिसहरु १२ महिना आफ्नो खेती



किसानीमा व्यक्त रहेका हुन्छन । मुख्यत यहाँका किसानहरुको आम्दानीको श्रोत भनेको अलैची, अम्विसो अदुवा, चिरैतो आदि पर्दछन । कृषि पेशामा आवद्ध रहेता पनि व्यवसायिक कृषि पेशाको बारेमा यहाँका धेरै किसानहरुलाई जानकारी छैन ।

२०६९ सालमा स्थापना भएको श्री सिद्धिमाङ्ग बचत तथा ऋण सहकारी संस्था लि. ले हाल आएर आफ्ना सदस्यहरुलाई व्यवसायिक बन्नका लागि संस्थाबाट सुलभ रुपमा कर्जा प्रदान गरिरहेको छ । त्यही संस्थाको कर्जाबाट आफू व्यवसायिक बनेको कुरा बताउँछन मनोज राई । "संस्था स्थापना गर्दै सदस्य नं ३ मा मिति २०६९ साल बैशाख २६ गते सदस्य भएका मनोज राई, संस्था स्थापना हुनु भन्दा अगाडि आफू साहुको भारी बोकेर जीविकोपार्जन गरिरहेको र पछि अस्थाई रुपमा विद्यालयमा शिक्षण गर्दै गरेतापनि आफ्नो पेशामा मेहनत गर्न भने कहिल्यै छाडेनन् । परिवारमा जम्मा ८ जना सदस्य रहेका र सबै परिवार नै सहकारी संस्थामा सदस्य भई नियमित रुमपा बचत गर्ने मध्ये एक पर्दछन राईको परिवार । आफू युवा भएर केही गर्नुपर्छ भन्ने सोच राखेर उनले २ बर्ष अगाडि अलैची नर्सरीको सुरुवात गरे सो कार्य गर्नका लागि जम्मा ३ लाख लगानीमध्ये आफ्नो २ लाख र सहकारी संस्थाबाट १ लाख कर्जा लिई अलैचीका विभिन्न किसिमका विरुवाहरुको नर्सरीको सुरुवात गरे । संस्थाबाट लिइएको कर्जा किस्ताबन्दि रुपमा ४ किस्तामा चुक्ता गरे । सोही कामलाई थप हौसला प्रदान गर्दै जिल्ला कृषि विकास कार्यालय फिदिम पाँचथरले १ किलो अलैचीको विउ, र भुल समेत प्रदान गरी प्राविधिक सहयोग गरेको कुरा बताउँछन उनी ।

पुरानो सवै रकम चुक्ता पश्चात् सोही कार्य गर्नका लागि हाल आएर फेरी उनले सिद्धिमाङ्ग साकोषबाट ७० हजार कर्जा लिएका छन सो कर्जाबाट थप आर्थिक सहयोग प्राप्त भएको छ । अलैचीको भाउँ बद्धि भए सँगसँगै गाउँमा अलैची रोप्ने कृषकहरु बढिरहेको वेलामा गाउँका कृषकहरुको माग अनुसारको विरुवा पुर्‍याउनका लागि उनलाई धौ धौ परेको छ । सुरुमा रु १००।- मात्र बचत गर्ने राई हाल आएर संस्थामा मासिक रु.५००।- र दैनिक रु.२५।- का दरले बचत गरिरहेका छन । उनी भन्छन "जवसम्म म यस सहकारी संस्थामा आवद्ध थिइन मेरो आर्थिक अवस्था कमजोर थियो तर सहकारी संस्थामा आवद्ध भएर मैले त्यहाँबाट कर्जा लिई व्यवसाय शुरु गरेपछि पारिवारको आर्थिक



अवस्थामा धेरै सुधार आएको छ । अलैचीका बेर्ना बेचेर मात्र हाल म महिनाको ८ देखि १० हजार कमाउछु र कमाएको रकमबाट केही रकम सहकारी संस्थामा बचत गर्छु । सहकारीले साँच्चिनै मेरो जीवनमा परिवर्तन ल्याएको छ ।"

❖❖❖

# शुभकामना साना 'दुत'हरुलाई

✍ विमला खनाल
संयोजक, मानवीय मूल्य प्रवर्द्धन उपसमिति

बुढापाकाहरु आफ्ना सन्तानहरुलाई भन्छन् १२-१३ वर्षको उमेर देखि नै घरायसी आम्दानीको स्रोत, खर्च हुने ठाउँहरु, अर्थ वा धनको महत्त्व र आर्थिक अनुशासनको बारेमा जानकारी वा छलफल गर्नुपर्छ । अभिभावकको हैसियत थाहा नपाएका वा थाहापाउन नचाहने किशोरावस्थाका सन्तानहरुले ठूला ठूला कुराहरुको माग सहजै गरिदिन्छन् । अभिभावकहरु सकेसम्म हाम्रो पालामा यस्तो थियो यसलाई यो कुराको रहर लाग्यो होला भनि सकेसम्म सन्ततिका माग पूरा गर्न कोशिस पनि गर्छन् ।

समभ्रुदार अभिभावकहरुलाई लाग्छ सन्ततिका अगाडि व्यवहारिक समस्याको पोको सकेसम्म नखोल्नुनै जाती । तर यो सोचाई, भोगाई भन्दा अलि फरक छन् अहिलेका बच्चाहरु । सञ्चार जगतमा आएको तरङ्ग सँगसँगै उनीहरुले खाने, लगाउने, घुम्ने आदि सबै कुराहरुमा सिको गरेको देखिन्छ । धेरै मेहनत नगरीकन सबै चिज हात पार्नु पाए हुन्थ्यो जस्तो पनि लाग्दछ । वास्तवमा अभिभावकहरुले बच्चाहरुलाई सँगै बसेर दुःख, सुखका गन्थन मन्थन, ऋण धनका व्यवहारहरु आफ्ना सन्तानहरुलाई धक नमानी भन्नु गर्नुपर्ने रहेछ । जसले किशोरावस्थाका छोराछोरीलाई साथीको जस्तै व्यवहार गर्छ र व्यवहारिक गफगाफमा सामेल गराउँछ त्यो परिवारका छोराछोरीहरुले राम्रै सफलता र असल भएको हामी सुन्छौं । त्यस्तै पारिवारीक व्यवहारमा खुलेर गफगाफ नगर्ने हामीहरु जस्ता मध्यम वर्गिय परिवारका छोराछोरीहरुलाई पारिवारीक आम्दानी, खर्च हुने ठाउँहरु वा सानोतिनो अभावहरुको बारेमा बुभ्रुने अवसरबाट उनीहरु बञ्चित भएका हुन्छन् वा हामी छोराछोरीसँग खुलेर कुरा गर्न चाहन्नौ । अभिभावक र सन्तान बीचको यही "अन्तर"लाई चिर्न वा यहि "अन्तर"लाई पुर्न प्रयासका रुपमा सहमतिले बालक्लवमा सक्रिय भएका भाईवहिनी जो १४ देखि १७ वर्षसम्मका छन् वा कक्षा ९ देखि १२ सम्म पढ्दै गरेका छन् त्यस्ता भाईवहिनीहरुलाई "मानविय मूल्यमा आधारित वित्तीय साक्षरता तालिम" कक्षाको अवधारणालाई अगाडि सारेको छ ।

हुन त सहमतिले आफ्ना समुदाय वरवरका भाईवहिनी जो भर्खरै "किशोरावस्था" मा लाग्दैछन् । उनीहरुको उमेरले ल्याउने शारिरीक र मानसिक परिवर्तनलाई मध्यनजर गरेर यो भन्दा पहिला २०४७ सालमा गैंडाकोटमा अवस्थित कालिका उच्च माध्यामिक विद्यालयका भाईवहिनी जो कक्षा ६-१० सम्म अध्ययन गर्छन् । तिनिहरुका लागि "परिवर्तन" नामक "मानवीय मूल्यमा आधारित शिक्षा" कक्षा प्रत्येक शनिवार विहान ७-९ बजे ४ महिनासम्म सञ्चालन गरियो र यसको सामाजिक प्रभाव अत्यन्त सराहनीय भएको सोही विद्यालयका प्रधानाध्यापक कमल सुवेदीज्यूले सुनाउनु हुन्छ । आफू स्वयं कक्षामा सहभागी भाईबहिनी र वहाँहरुका अभिभावकले यस्ता कक्षाहरुको प्रशंसा गर्दै प्रत्येक वर्ष सञ्चालन गर्नुपर्ने सल्लाह दिनुहुन्छ ।



परिवर्तन कक्षा बाहेक सहमतिले बालक्लवका माध्यमबाट साविक गैंडाकोटका १६ वटा बालक्लवका ५२ जना (२०७१ सालमा) भाईवहिनीलाई तत्कालीन गैंडाकोट गाविससँग समन्वय गरेर बालक्लवको महत्व र भूमिका बालबालिकाले पाउनुपर्ने बाल अधिकारका बारेमा १ दिने गोष्ठी कार्यक्रम पनि आयोजना गरिसकेको छ । यस पटक भने सहमतिले "मानविय मूल्य" लाई प्रथम शेषन र "वित्तीय साक्षरता"लाई दोस्रो शेषन गरी १४ दिनसम्म डेढघण्टाको एक अलग्गै कक्षा सञ्चालन गर्ने जमर्को गर्‍यो । यस तालिममा गैंडाकोट नगरपालिकाका वार्ड नं. ५ र ८ का १८ जना भाईवहिनीहरुले मानवीय मूल्य अन्तर्गत प्रेम, आज्ञाकारिता, इमान्दारिता, आदर हाम्रो विचार जीवनको आधार, सफलताको आधार, आत्मविश्वास, नकारात्मक भावना माथि विजय, यिनीहरुबाट बचौं यी सबैको बचत गरौं, हाम्रो भोजन, सम्बन्धमा मधुरता, बदला होइन बदलिएर देखाऔं, नेपालका देशभक्त राष्ट्रिय विभूतिहरु आदि छन् । यी गहन विषयहरुबाट भाईवहिनीहरुले सानै उमेरमा आफ्नो अमूल्य जीवनको महत्व, उमेर अनुसार आफ्नो व्यक्तित्वमा ल्याउन सकिने परिवर्तनप्रति ज्ञान आर्जन गर्नुका साथै विषयवस्तु अनुसारको भाव, कथा, प्रसङ्ग, व्यक्तिका उदाहरण र साना वृतचित्रको अनुभव पनि उनीहरुले लिन सफल भएका छन् । अब हामीहरुले उनीहरुबाट आस गरेको कुनै ठूलो चमत्कारिक परिवर्तन हैन मानवीय मूल्यसँग जोड्दै उनीहरुले वित्तिय महत्व, वित्तिय लक्ष्य, बचतका अवधारणा र बचत किन आवश्यक छ ? युवा र किशोर किशोरीहरुका लागि बचत किन? ऋणको परिभाषा र ऋण के का लागि, ऋण सेवा प्रदायकहरुको परिचय र सेवाका प्रकार ऋण लिन सक्ने क्षमताको पहिचान र ऋण योजना निर्माण, वैदेशिक रोजगारीका चुनौतीहरु, विमाको परिचय, पारिवारीक बजेट भन्नाले के बुझिन्छ, आम्दानी र खर्च शीर्षकहरुको जानकारी, पारिवारीक बजेट बनाउँदा ध्यान दिनुपर्ने कुराहरु, बजेटको कार्यान्वयन र समीक्षा, सीप विकास र सेवाको छनौट, स्थानीय स्तरमा पाइने कामको पहिचान आदि विषयलाई केन्द्रित गरेर आजका किशोरावस्थाका हाम्रा छोराछोरी जसले अभिभावक आर्थिक आम्दानी र खर्चको बारेमा जानकारी र चासो लिन भ्रुन्भ्रुट मान्दछन् तर आफ्ना समय सापेक्ष सुहाउँदा वा असजिला लाग्दा माग हुन जसलाई सुन्दा अचम्म लागेर हामी अभिभावकहरुले छोराछोरीहरुलाई कहिले शान्तसँग सम्झाउन अघि सरौला वा कुनै बेला आवेगमा आएर हात उठाउँला वा दिक्दार भएर उफ भनि आफ्नै

*(बाँकी ११ औं पेजमा)*

# सहकारीले ल्यायो नेत्र प्रसादमा परिवर्तन

✍ ऋषिराम गिरी
सहकारी प्रवर्द्धन सुपरभाइजर, सहमति/सफल–II

ताप्लेजुङ जिल्लाको सदरमुकाम पूर्व सिमासँग जोडिएर रहेको नाङखोल्याङ गाविस भौगोलिक हिसावले विकट नै मानिन्छ । आदिवासी जनजातिको वाहुल्यता रहेको यो गाविसमा राई, लिम्बु, नेवार, दलित, क्षेत्री र बाहुन जातिको वाहुल्यता रहेको छ । अधिकांश समुदाय कृषि पेशामा आश्रित रहेका छन् । भौगोलिक हिसावले भिरालो भएकाले खेती योग्य जमिन कम रहेको छ । केहि ओसिलो र चिस्यान भू-भागमा अलैंची उत्पादन भएतापनि अधिकांश ठाउँमा उत्पादन क्षमता कम भएका भूभाग छन । त्यसैले गर्दा यहाँका युवाहरु वैदेशिक रोजगारमा जान बाध्य छन ।

यसै गाविस वडा न.२ मा आमा तिलरुपा न्यौपाने र वुवा मनध्वज न्यौपानेको काईंला छोराको रुपमा २०११ सालमा जन्मनु भएका नेत्रप्रसाद न्यौपाने गाउँमै केही गर्नुपर्छ भन्दै वैदेशिक रोजगारमा नलागेको बताउनुहुन्छ । २०२९ सालमा वैवाहिक जीवनमा बाँधिनु भएको उहाँ आफ्नो चाहना अनुसारको शिक्षा हाँसिल गर्न नसकेको र वैवाहिक सम्वन्धपछि घर व्यवहार सम्हाल्नु पर्दा कक्षा ८ सम्म पढ्दापढ्दै छोड्नु परेकोले दु:ख भोग्नुपरेको गुनासो गर्नुहुन्छ । गाउँमा कुनै रोजगारको अवसर नपाएपछि परम्परागत कृषि पेशामै आश्रित हुनुपरेको त्यसैबाट छोराछोरी पढाउने र घर व्यवहार चलाउन गाह्रो परेको समेत बताउनुहुन्छ । समय बित्दै जाँदा उमेर पनि ढल्कँदै गईसकेको र खेतवारीमा काम गर्न नसक्ने भइसकेपछि साहु महाजनसँग ऋण लिई सानो किराना पसलको थालनी गरी त्यसवाट भएको आम्दानीबाट दैनिकी गुजारा चलाएको र अलिअलि बचेको पैसा पनि त्यति वेला बचत गर्ने कुनै माध्यम नभएकोले खर्च भएरै जाने बताउनु भयो । यसरी नै जीवन चलिरहेको बेला गाउँमा नाङखोल्याङ बचत तथा ऋण सहकारी संस्था डिभिजन सहकारी कार्यालय ईलाममा मिति २०६९ असोजमा दर्ता भई नाङखोल्याङ गाविसका सबै वडालाई कार्यक्षेत्र बनाई कार्य प्रारम्भ गरेको र उक्त संस्थामा आवद्ध भए बचत गर्न सकिने, आवश्यक परेका बेला न्यून व्याजदरमा ऋण पनि उपलव्ध गराउने थाहा पाएपछि मिति २०६९ माघ ५ गते रु १००।- को एक कित्ता शेयर खरिद गरी मासिक १००।- बचत गर्न थालेको बताउनुहुन्छ । सदस्य बनेको ६ महिनापछि मात्र संस्थावाट ऋण पाउने भएकोले रु.२३०००।- ऋण लिई पुरानो पसललाई बढाई पसलबाट राम्रो नै आम्दानी गरी संस्थाको ऋण तिरेको भन्नुभयो । पसलसँगसँगै वाखा पाल्ने मन पनि भएको हुँदा पुन संस्थावाट ऋण लिई ४ वटा वाखा किनि पाल्न थालेको हाल ४ वटा खसी, ३ वटा बोका, ४ पाठापाठी र ५ वटा माउ गरी १६ वटा वाखा रहेको छ । पसलवाट मासिक १०/१५ हजार र बाखावाट वार्षिक रु.९०,०००।- भन्दा माथि कमाउने बताउनुहुन्छ । सबैसँग मिल्ने व्यवहार, नियमित रुपमा बचत र समयमा ऋण भुक्तानी गर्ने बानीले गर्दा सहकारीमा पनि ईमान्दार सदस्यको रुपमा साधारण सभामा सम्मान पाउनुभएको थियो । उहाले अरु सदस्यहरुलाई पनि इमान्दारकासाथ संस्थासँग कारोवार गर्न अनुरोध गर्ने गरेको बताए । पहिलेको दिनहरु दु:खसँग बितेपनि अहिले आफ्नो मेहनत र सहकारीबाट भएको सहयोगले गर्दा यो अवस्थामा आएकोमा गर्व गर्छन नेत्रप्रसाद । अहिले विहान वेलुका बाखालाई हेरचाह गर्ने र दिउँसो पसलमा वस्ने गरेका छन् । यसरी आफ्नो मेहनतबाट कमाएको रकमबाट मासिक बचत रु.३५,५३५।- साप्ताहिक बचत १,४४,७४९।- खुत्रुके वचत २,२३०।- र आवधिक बचतमा रु.१०,०००।- गरी जम्मा १,९२,५१४।- रकम बचत गर्न सफल भएका छन । यसरी केहि गर्न चाहने भने गाउँमा बसीबसी घरपरिवार सँगै रमाएर राम्रो आम्दानी लिन सकिने र वैदेशिक रोजगारको चपेटामा पर्नु नपर्ने राम्रो उदाहरण वन्नुभएको छ । अन्त्यमा आफूलाई यो अवस्थामा ल्याई पुऱ्याउन सहयोगी भूमिका खेलेको सहकारी संस्थाप्रति आभार व्यक्त गर्दै आफू जस्तै व्यवसायिक बन्न र सहकारीमा सदस्य बन्न सबैलाई अनुरोध गर्नुहुन्छ । ❖❖❖



## शुभकामना साना............

पुन्पुरोमा हात राखेर आफैंले बेलैमा नबुझाएर, साथित्वको भावना नराखेर हो भनि आत्म मूल्यांकन पनि गरौंला । हामीलाई विश्वास र आशा छ यो कक्षामा सहभागी भाईवहिनीहरु जो निरन्तर उपस्थित हुनुभयो र जिज्ञासु बनेर यी विषय माथि सुन्नु भयो, बुझ्न कोशिस गर्नुभयो । हामी ठोकुवा दिएर भन्न सक्छौं वहाँहरुले यी विषयका मर्मलाई कमसेकम त्यो समाजका धेरै भाईवहिनीप्रति वित्तिय अनुशासन र मानवीय मूल्यको महत्वलाई बुझाउनु हुनेछ । साथै यि विषयहरुलाई महत्वको साथ आफैले अनुशरण गर्नुहुनेछ अनि आवश्यक, अति आवश्यक र अल्प आवश्यक आफ्ना "माग"हरुलाई प्राथमिकिकरण पनि गर्न सफल हुनुहुनेछ । अथवा सजिलो शब्दमा भन्दा वहाँहरु शालीन र व्यवहारिक बन्नुहुनेछ ।

सहमतिले यो १४ दिनमा १८ जना सम्बन्धित विषयका दुतहरु जन्माउन सफल भयो भनेर गर्व गरेको छ । यो विश्वासलाई वहाँहरुले अवश्य कायम राख्नु हुनेछ भन्ने भरोसा सहमति परिवारले लिएको सबै भाईवहिनीहरुलाई मुरी मुरी शुभकामना र धन्यवाद । ❖❖❖

# फाल्गुनन्द साकोस लघु व्यवसायीहरुलाई उत्प्रेरणा दिंदै

✍ दिपेन्द्र तुम्वापो
सहकारी प्रवर्द्धन अधिकृत, पाँचथर, सहमति/सफल–II

पाँचथर जिल्लाको साविक चोकमागु गा.वि.स वडा नं.-८ स्थित श्री फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्थाले आफ्ना महिला सदस्यहरुलाई सीपमूलक तालिम दिई व्यवसाय गर्न आवश्यक ऋण उपलव्ध गराई महिलाहरुलाई आयआर्जन गर्न उन्मुख गराएको छ । उक्त सहकारी संस्थालाई घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय पाँचथरको प्राविधिक सहयोगमा जम्मा १३ जना महिला सदस्यहरुलाई सिलाई कटाई तालिम दिइएको थियो । यस तालिमले उक्त संस्थाको महिला सदस्यहरुलाई प्राथमिकता दिएको थियो । जसमध्ये सदस्य निरन्ति तुम्बापो, सुस्मिता तुम्वापो र सृजना नेपालीले समुहिक लगानीमा टेलरिङ्ग सेन्टर खोली समुदायको आवश्यकता पूरा गरिरहको छ । निरन्ती तुम्वापो ३ वर्ष अगाडि यस साकोसमा आवद्ध भएकी थिइन । उनले आफ्नो शव्दमा यसरी भनिन् "शुरु शुरुमा सहकारी संस्था नवुझिकन लागियो त्यतिखेर कहिलेकाँही आवश्यकता अनुसारको ऋण नपाउँदा सहकारी छोडौ जस्तो लाग्थ्यो तर हामीले विस्तारै नियमित बचत गर्दै गयौ केही समय पछाडि सहकारी संस्थाले वित्तिय साक्षरता तालिम हामी महिलाहरुलाई दियो । त्यस तालिममा सहभागी भइयो । जीविकोपार्जनलाई सहज बनाउन बचत गर्नुपर्दो रहेछ, अनावश्यक रुपमा खर्च गर्न नहुने रहेछ, भविष्यमा आईपर्ने समस्याको समाधान गर्न मात्र नभएर स्वदेशमा नै रोजगारीको आवसर र व्यवसाय गर्नलाई ऋण प्राप्त गर्नको साथै सहकारी संस्थाले व्यवसायलाई सहज बनाउन तालिमको पनि व्यवस्था मिलाउन सक्दो रहेछ । मेरो अगाडि देखिको सपनालाई अहिलेसम्म पूरा गर्न सकेको थिइन । अहिले हाम्रो घर परिवारमा नियमित आम्दानीको स्रोत छैन । आफ्नो घर व्यवहारको लागि कृषि नै हाम्रो मूख्य पेशा रहेको छ । यस पेशाबाट परिवारलाई ६ महिना मात्र धान्न सक्छ । अहिले यस साकोसबाट २५ हजार ऋण र आफ्नो २५ हजार गरी जम्मा ५० हजार यस सामुहिक टेलरमा लगानी गरेको छु । यस टेलरबाट आएको आम्दानी घर खर्च, शिक्षा, स्वास्थ्यमा खर्च गर्न सहयोग पुगेको छ । श्रीमान् रोजगारीको लागि मलेसिया पुग्नु भएको छ । अब फर्केपछि उहाँलाई पनि यही आफ्नो गाउँमा व्यवसाय गर्ने उत्प्रेरणा गरानेछु । हाम्रो गाउँ, ठाउँमा पनि प्रशस्त अवसर रहेछ ।" उनको भनाई अनुसार अहिले यस चोकमागु गाविसका महिलाहरु सिप विकासको तालिम लिएर लघु व्यवसाय शुरु गरिएको छन् । अहिले करिव ३ सय सदस्यहरुलाई ऋण प्रवाह गरी सेवा प्रदान गरिएको छ । हामी जस्तो महिलाले पनि पुरुष जस्तै कमाउन सकिदोरहेछ हिजोको महिलाहरुलाई हेर्ने दृष्टिकोणमा पनि परिवर्तन भएको छ । यस संस्थाले हाम्रो आर्थिक उपार्जनलाई थोरै भए पनि सहयोग गरेको छ । हामीले हिजोको दिनलाई सहकारीलाई नबुझ्दा पछाडी परेको महशुस भएको छ । शुरुमा मैले रु.२०।- बाट शुरु गरेको बचत वित्तीय साक्षरता तालिमपछि ३००।- गर्न गरेको थिए त्यसपछि व्यवसाय सञ्चालन गरेपछि अहिले रु.५००।- गर्न शुरु गरेको छु । सहकारीमा बचत गर्दा बैकहरु भन्दा बढी व्याज पाइने र वित्तीय कारोवार गर्नको लागि सहकारी नै सजिलो भएको छ । व्यवसाय गर्नको लागि ऋण लिँदा साहु महाजन तथा अन्य ठूलो बैकहरुको प्रकृया झन्झटिलो हुने भएकोले सहकारी संस्था नै सरल भएको छ ।



अहिले हामीले तालिम लिएर व्यवसाय सञ्चालन गरेको देखेर अन्य महिला दिदी वहिनीहरुको पनि चाँसो बढेको छ । यहाँ हामीले मात्र सबै काम गर्न सम्भव छैन । तीन महिने तालिम लिएर हामीले काम गरिरहेको छौ । अझै हामीलाई थप तालिमको आवश्यकता रहेको छ । अहिले सहकारी संस्थाले आत्मानिर्भर बनाउन थोरै भए पनि टेवा मिलेको उनले बताउँछिन् । यसले हिजोको समाजले महिलाहरुले केही गर्न सक्दैन भन्ने सोचलाई पनि परिवर्तन गरेको बताउँछिन् ।"

❖❖❖


## हार्दिक मंगलमय शुभकामना



श्री नारायण प्रसाद पौडेल





श्री सेविका मोक्तान

सहमति र अक्सफाम हङ्गहङ्ग बीचको साझेदारीमा सञ्चालित "**जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम**" मा कृषि प्राविधिकको रुपमा कार्यरत **श्री नारायण प्रसाद पौडेलज्यू** तथा सहमति र मर्सिकोर नेपाल बीचको साझेदारीमा सञ्चालित "**सफल-२ कार्यक्रममा**" सहकारी प्रवर्द्धन सुपरिवेक्षकको रुपमा कार्यरत **श्री सेविका मोक्तानज्यूले** कार्यक्रमको उद्देश्य तथा लक्ष्य प्राप्तिमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्यांकन गर्दै संस्थाको १८ औं साधारण सभामा 'उत्कृष्ट कर्मचारी' को रुपमा पुरस्कृत हुनु भएकोमा वहाँलाई बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**सहमति परिवार**

# व्यवसायिक कृषि खेतीले जीवनयापन सहज बनाएको छ

✍ केशर राई
सहकारी प्रवर्द्धन अधिकृत, ताप्लेजुङ्ग, सहमति/सफल–II



३९ वर्षीय नेत्र प्रसाद ढकाल ताप्लेजुङ्ग जिल्लाको ओयाकजुङ्ग गाविस वडा नं. ९ निवासी एक सफल व्यावसायी हुनुहुन्छ । वहाँको २ छोरी र २ छोरा गरी जम्मा ६ जनाको परिवार छ । ओयाकजुङ्ग गाविस अत्याधिक चिसो र अन्न उत्पादन अत्यन्तै न्युन हुने ठाँउमा पर्छ । त्यहाँको प्रमुख बाली भनेको मकै र कोदो मात्र हुने गर्दछ । बार्षिक आम्दानी ५ हजार मात्र हुने र सहायक पेशा अर्को नभएकोले उक्त व्यवसायले घर चलाउन धेरै कठीन हुन्थ्यो । नेत्र प्रसाद ढकाल वि.सं. २०६९ सालबाट देउराली बचत तथा ऋण सहकारी संस्था लि.को सदस्य बनेका थिए भने सहकारी सम्बन्धी विभिन्न किसिमका तालिमहरु पनि लिएका छन् । वित्तीय साक्षारता कक्षाको सहजकर्ताको रुपमा नियुक्ति भई ४ वटा कक्षा सञ्चालन



गरेका ढकालले त्यस पश्चात् गरिवहरुले पनि व्यवसाय गर्नुपर्छ, आम्दानी बढाउनु पर्छ भन्ने ज्ञान, सीप सिकेपछि सहकारीबाटै ऋण लिएर खुर्सानी खेती गर्ने निर्णय गरे ।

वि.सं. २०७० सालमा देउराली बचत तथा ऋण सहकारी संस्था लि. बाट रु.२०,०००।- ऋण लिई अकबरे खुर्सानी खेतीको व्यावसाय शुरु गरे । अकबरे खुर्सानीको बिउ, आवश्यक सामग्री स्प्रेयर ५,०००।-, प्लाष्टिक २,०००- र जैविक बिषादि बनाउने भाँडा ५,०००।- गरी जम्मा १२ हजारमा र बाँकी ८,०००।-व्यवस्थापन खर्चमा लागेको बताउँछन् । शुरु गरेको ५, ६ महिना पछि बिरुवा बिक्री गरी २२ हजार आम्दानी गरेका थिए र यस वर्ष भने ४० हजार आम्दानी गरेका छन् । सहकारीबाट र अन्य ठाउँबाट लिएको ऋण पनि चुक्ता गरिसकेका छन् । जम्मा ८ रोपनी जग्गाका धनी २ रोपनी जग्गामा अकबरे खुर्सानीको खेती गरी शुरु गरेका व्यवसायी नेत्रप्रसाद ढकालले खुर्सानीको साथै अलैची खेती, चिसो ठाउँ भएको हुनाले काउली खेती पनि शुरु गर्ने बताएका छन् । त्यसको लागि जग्गा भाडामा लिएर व्यवसाय अरु थप गर्ने बताउँछन् । अकबरे खुर्सानीबाट भएको आम्दानीले २० हजार अलैचीको विरुवा समेत खरिद गरेका छन् । अकबरे खुर्सानी र अलैची

(बाँकी १६ औं पेजमा)

# गाउँमा आउने बुहारी सहकारीको नयाँ सदस्य

✍ कमलराज राई
सहकारी प्रवर्द्धन सुपरिवेक्षक, सहमति/सफल–II



संखुवासभा सदरमुकाम खाँदबारी देखि करिव १६, १७ कोष टाढा उत्तरमा रहेको मांतेवा साविक गा.वि.स भौगोलिक हिसाबले निकै विकट क्षेत्र मानिन्छ । मर्सिकोर नेपाल र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी सँघको साझेदारीमा संचालित **प्रोमिस** परियोजनाको विशेष आर्थिक तथा प्राविधिक सहयोगमा डिभिजन सहकारी कार्यालय धनकुटामा २०६९ साल २ महिना २३ गते दर्ता भई विधिवत रुपमा कारोबारको शुरुवात गरेको हो ।

गाउँका समुह, टोलमा स-साना अनौपचारिक रुपमा रहेका बचत समूहहरुलाई औपचारिक संस्थामा एकीकृत गर्ने उद्देश्यले दर्ता गरिएको सहकारी शुरु, शुरुमा सहकारी भनेको के हो भनेर बुझाउनै गाह्रो थियो । आफ्नो लागि आफैंले बचत गर्नुपर्छ भन्ने कुरा थाहा थिएन र सहकारीप्रति पनि विश्वास थिएन । यस भन्दा पहिला स्थापना भएका सहकारीको नकारात्मक प्रभावले सहकारीको महत्व बुझाउन गाह्रो भएको थियो । सबै जना यही ठाउँको भएपछि खाएर कहाँ भागिन्छ, कहाँ गइन्छ भनियो, भाग्ने, डुब्ने कुरामा त तपाईंहरुले चिन्तै नगर्नुहोस, घर खेत बेचेर भएपनि तिर्छौ भन्दै सबैमा विश्वास दिलाउनु परेको सँस्थाकी पूर्व अध्यक्ष पार्वती राईले बताउनुभयो । ४११ घरधुरी रहेको यस मांतेवा साविक गा.वि.स मा पुरुष १००२ जना र महिला १००८ जना गरी कूल २०१० जनसङ्ख्या रहेको छ । ९ वटै वडाहरुमा कार्यक्षेत्र रहेको भए पनि एउटै प्रकृतिको बचत तथा ऋण सहकारी सँस्था २ वटा रहेकोले हाल १, २, ३, ४, ५ र ९ वडाहरुमा मात्र कार्यक्षेत्र विस्तार गरी कारोबार गर्दै आइरहेको र हाल ३०१ जना शेयर सदस्य रहेको सँस्थाकी व्यवस्थापक ललिता राई बताउनुहुन्छ । गजबको कुरा त यहाँ **"गाउँमा आउने बुहारी नै सहकारीको नयाँ सदस्य"** हो किनकि गाउँमा आउने बुहारीलाई सदस्य बनाउन घरमै समिति गई सदस्य बनाइने कुरा वर्तमान अध्यक्ष मनकुमारी राईले सुनाउनु भयो । यस गाउँका लगभग ९९% महिला आबद्ध भइसकेकोले अब नयाँ सदस्य बनाउनलाई त नयाँ बुहारी नै गाँउमा आउनुपर्ने भन्दै राईले कुरा थप्नुभयो । गाउँ देखि वित्तीय सँस्था धेरै टाढा रहेको र ससाना रकमलाई गाउँकै वित्तीय सँस्थामा बचत गर्नु पाउँदा आफू धेरै खुसी रहेको भोजपुर देखि मांतेवा ५ मा बुहारी आएकी देबिका राईले सुनाइन । शेयर सदस्य कम रहेपनि यहाँ बचत भने राम्रै संकल नहुने व्यवस्थापक बताउँछिन् । नियमित, ऐच्छिक, बाल, समुह, शिक्षा, गहना र वृद्ध बचत गरी महिनामा लगभग १,५०,०००।- देखि २,००,०००।- सम्म बचत संकलन हुने व्यवस्थापकको भनाइ रहेको छ । अहिले मर्सिकोर नेपाल र सहमति सँस्थाबिचको साझेदारीमा संचालित सफल-२ परियोजना शुरुवात भएपछि अझ राम्रो सहयोग र

(बाँकी १५ औं पेजमा)

# एक लाख पुरस्कारका साथ जिल्लाको उत्कृष्ट सहकारी, सिदिन

✍ रमेश अधिकारी
सहकारी प्रवर्द्धन सुपरिवेक्षक, सहमति/सफल–II

पाँचथर जिल्लाको पूर्वी भागमा पर्ने सदरमुकामबाट ३१ कि.मि टाढा रहेको सिदिन गा.वि.स दुर्गम क्षेत्रमा पर्दछ । ७ वर्ष अगाडिसम्म यस ठाउँमा यातायातको सुविधासम्म थिएन । यहाँका मानिसहरु पिठ्यूँका भरमा भारी बोकेर आफूलाई आवश्यक पर्ने सामान खरिद गरेर जीविकोपार्जन गर्न बाध्य थिए यातायातको सुविधासँगै हाल आएर यहाँका मानिसहरुको जीवनस्तरमा समेत केही सुधार भएको छ । विभिन्न जिल्ला र गा.वि.सहरुमा महिलाहरुमाथी हिंसा भइरहेको बेला



यस गा.वि.समा भने महिलाहरु निकै अगाडि बढेको देखिन्छ । विभिन्न संघ/संस्थाको जिम्मेवारी महिलाहरुलेनै बढी लिइएको पाइन्छ भने गा.वि.स बाहिरबाट भित्रिएका कार्यक्रमले समेत महिलाहरुलाई नै प्राथामिकता दिइएको छ । ७९३ जम्मा घरसंख्या रहेको यस गा.विसमा जम्मा कूल जनसंख्या ५,०५१ छ भने महिलाको संख्या २,४९७ र पुरुषको संख्या २,५५४ रहेको छ पुरुषको भन्दा महिलाको जनसंख्या कम भएता पनि हरेक क्षेत्रमा महिलाहरु नै अगाडि बढेका छन ।

महिलाहरुको सक्रियतामा आज भन्दा ७ वर्ष अगाडि २०६६ साल कार्तिक २३ गते २५ जना महिलाहरुद्वारा दर्ता भएको ईन्द्रेणी कृषि सहकारी संस्थाले ७ औं बसन्त पार गरिसकेको छ । पछाडि परेका तथा पारिएका महिलारुलाई अगाडि बढाउने उद्देश्यले दर्ता भएको यस संस्थाले हालम्म जम्मा ७०० जना शेयर सदस्यहरु बनाउन सफल भएको छ । महिला तथा बालबालिका विकास कार्यालय फिदिम पाँचथर र गाउँ विकास समितिको कार्यालय सिदिनको आर्थिक सहयोग तथा स्थानीयबासीहरुको सहयोगमा संस्थाले २ तले भवन निर्माण गरेको छ भने आफ्नै भवनबाट कार्यालय सञ्चालन गरेको छ । कार्यालयको भवनमा ठूलो हल समेत रहेको हुँदा सिदिनमा रहेका कार्यक्रमहरु समेत त्यसै भवनमा सम्पन्न हुने हुँदा आम्दानीको राम्रो श्रोत समेत बनेको छ ।

२०७३ साल असार महिनाबाट संस्थालाई सहमति र मर्सिकोर नेपालको साझेदारीमा सञ्चालित (वित्तीय सेवा तथा जीविकोपार्जनमा दिगो पहुँच सफल-२) परियोजनाले आर्थिक तथा प्राविधिक रुपमा सहयोग गरिरहेको छ । संस्थालाई परियोजनाले कार्यालय व्यवस्थापन, लेखा व्यवस्थापन, सुशासन, नेतृत्व विकास, वित्तीय साक्षरता कक्षा सञ्चालनमा प्रत्यक्ष रुपमा सहयोग गरेको छ । महिलाहरुले पनि केही गर्न सकिन्छ भनेर अगाडि बढेका सिदिन गा.वि.सका महिलाहरुले आज आएर ठूलो सफलता हात पारेका छन । महिला तथा बालबालिका विकास कार्यालय फिदिम पाँचथरको आयोजनामा १०७ औं नारी दिवशको अवसरमा जिल्लाका २८ वटा महिला सहकारी संस्थाहरुमध्ये उत्कृष्ट संस्था बन्न सफल भएको छ । सफलता सँगै संस्थाले रु. एक लाख रकम समेत हात पार्ने भएको छ कार्यक्रम पश्चात् संस्थाकी अध्यक्ष श्री लक्ष्मी राई भन्छिन "सफल-२ परियोजनाले हामीलाई गरेको साथ र सहयोगको कारणले गर्दा संस्थाले आज ठूलो सफलता हात पारेको छ । परियोजनाको आर्थिक सहायोगमा सञ्चालन भएको वित्तीय साक्षरता कक्षाले सदस्यहरु विस्तार गर्न, शेयर रकम थप गर्न, बचत रकममा बृद्धि गर्नका लागि थप सहयोग मिलेको छ । महिला तथा बालबालिका



| क्र.स | विवरण | हालको अवस्था |
|---|---|---|
| १ | शेयर सदस्य | ३८२ जना |
| २ | शेयर पूजीं | २,९६,२००।- |
| ३ | बचत रकम | ९,१४,६७०।- |
| ४ | ऋण लगानी | १३,६१,५९७।- |
| ५ | कुल नाफा | २,३१,४०५।- |
| ६ | बचतका प्रकारहरु | ३ प्रकार |

विकास कार्यालय फिदिम पाँचथरले संस्था स्थापना गर्न, विभिन्न तालिमहरु सञ्चालन गर्न तथा हरेक क्षेत्रमा आर्थिक तथा प्राविधिक रुपमा सहयोग गरेको हुनाले समेत यो सफलता हात परेको कुरा बताउँछिन । संस्थाकी संस्थापक अध्यक्ष भिमा खनाल थप्छिन संस्था दर्ता गर्नका लागि निकै समस्या भएको थियो त्यसमा पनि महिलाहरु अगाडि बढेर काम गर्नका लागि निकै चुनौतीहरु आइपर्दा रहेछन र तिनै चुनौतिको सामना गर्दै यहाँसम्म आईपुग्दा यो सफलता मिलेको हो । उनि संस्था दर्ताको क्षण सम्भदै भन्छिन २०६६ सालमा सहकारी दर्ता गर्न जिल्लामा जाँदा महिलाहरुले काम गर्न सक्दैनन् भनेर बैठक पुस्तिका फ्याकेको कुरा म कहिल्यै पनि बिर्सन सक्दिन तिनै कुराहरुको सामना गर्दै आयौ र यो अवसर मिल्यो ।

आफ्नो घरको सबै काम भुलेर गा.विसस्तरमा रहेका महिलाहरुलाई अगाडि बढाउनु पर्छ भनेर लागेका यस ईन्द्रेणी कृषि सहकारी संस्था लि. का सञ्चालक समिति, लेखा समिति तथा अन्य उपसमितिहरुले गरेको लगानीको प्रतिफल आज राम्रो आएको छ यसरी नै निरन्तर अगाडि बढे संस्थाको भविष्य उज्ज्वल देखिन्छ । ❖❖❖

# तिलु नेम्बाङ्गको जीवनमा आएको परिवर्तन

✍ सेविका मोक्तान
सहकारी प्रवर्द्धन सुपरिवेक्षक, पाँचथर, सहमति/सफल–II

पाँचथर जिल्लाको फिदिम नगरपालिकाको वडा नं. ६ (साविकको चोकमागु गाविस वडा नं.७) २०६९।१।२५ मा डिभिजन सहकारी कार्यालय इलाममा मर्सिकोर नेपालको सहयोगमा विधिवत रुपमा दर्ता भएको फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्था लि.मा हाल ६३१ जना सदस्य आबद्ध रहेका छन् । सहकारीमा आवद्ध भएका सदस्यहरुलाई सस्तो व्याजमा ऋण प्रदान गरी आयआर्जन तथा व्यावसायिकमूलक क्षेत्रमा लगानी गरेपछि त्यँहाको सदस्यहरुको जीवनस्तरमा क्रमिक रुपमा सुधारको लक्षणहरु देखा पर्न थालेका छन् । तिनै मध्येकी एक हुन तिलु नेम्बाङ प्रस्तुत छ उहाँको सफलताको कथा उनकै शब्दमा :

मेरो नाम तिलु नेम्बाङ हो साविकको चोकमागु गाविस वडा नं. ६ मा बस्छु, मेरो घरमा परिवार संख्या ५ जनाको छ । हाम्रो आर्थिक अवस्था एकदम कमजोर थियो । घरको खर्च चलाउनको लागि ज्याला मजदुरी गरी दुई छाक खाने गरिन्थ्यो । मेरो श्रीमान् आर्थिक कमजोर भएको कारणले घरको खर्च चलाउनको लागि तथा पैसा कमाउने उद्देश्यले साहुसँग ऋण लिई वैदेशिक रोजगारीको शिलशिलामा दुवई जानु भयो । दुवईमा २ वर्ष बस्नु भएर जसोतसो ऋण तिर्न र २०-३० हजार जोगाएर पुन: स्वदेश नै फिर्ता हुनुभयो । खाडी मुलुकमा काम गर्नु भन्दा आफ्नै स्वदेशमा केहि गर्छु भनि त्यहिबाट ल्याएको २०-२५ हजार लगानी गरी सानो पसल शुरुवात गर्नुभयो । त्यति खेर गाउँमा सहकारी खुले तापनि चेतनाको अभावले सहकारीमा आवद्धता थिएन । पसल जसोतसो चल्दै थियो । जब २०६९ सालमा गांउँमा फाल्गुनन्द बचत तथा ऋण सहकारी संस्थाको स्थापना भयो, हामी दुबैजना श्रीमान् श्रीमती त्यस संस्थामा बचत गर्ने तथा ऋण लिई पसल बढाउने उद्देश्यले सहकारीमा आबद्ध भयौं । सदस्यता लिएको केहि समयपछि पसललाई थप्ने उद्देश्यले सहकारी संस्थाबाट पटक पटक गरी ५०,०००।- ऋण लिई पसलमा सामान थप्ने काम भयो । ऋणको वार्षिक व्याजदर १८ प्रतिशत थियो गांउँको साहुकोमा भन्दा सस्तो नै लाग्यो । सहकारीको ऋण वर्षदिन भित्रमा चुक्ता गर्नु पर्ने थियो । शुरुमा सानो किराना पसलबाट शुरुवात गरेको, उक्त पसलकै आम्दानीबाट सानो कुखुरा फार्म पनि खोलेको छु साथै घरमै फ्रेस हाउस पनि छ श्रीमानले फ्रेस हाउस र कुखुरा फार्म हेर्नुहुन्छ भने म चाँहि किराना पसल र घर भित्रको काम सम्हाल्छु । अहिले पसल, फ्रेस हाउस गरी दैनिक २,५००।- जति आम्दानी हुन्छ भने वार्षिक ८-९ लाख आम्दानी हुने गरेको बताउनु हुन्छ । उहाँ थप भन्नु हुन्छ आज भन्दा ४-५ महिना अघिसम्म सहकारी महिनामा ३ दिन मात्र खोल्ने गरेको साथै मासिक बचत मात्र गर्दै आइरहेकोमा मर्सिकोर नेपाल र सहमति संस्थाको साझेदारीमा सञ्चालित सफल-२ परियोजनाको सहयोग अन्तर्गत सहकारी दैनिक खोल्नु पर्छ भन्ने सल्लाह, सुझावले सहकारी दैनिक खोलेर खुत्रुके बचत मार्फत आफ्नो दैनिक आम्दानीको थोरै रुपैया जम्मा गर्न पाउँदा ज्यादै खुशी लागेको छ । वहाँ खुशी हुँदै व्यक्त गर्नुहुन्छ अहिले हामी परिवारको सबै सहकारीमा आवद्ध छौं र नियमित, बाल बचत खुत्रुके बचत गर्दै आइरहेको छु र साथै सहकारी दैनिक खोलेर जुनसुकै बेला ऋण लिन र तिर्न सजिलो भएको छ भन्नुहुन्छ । मैले आफ्नो आम्दानीबाट घरको खर्च, शिक्षाको खर्च, औषधी उपचार संस्थाको ऋणको आधि किस्ता समेत तिरी सकेको छु ।



हाल सम्म तिलु नेम्बाङले पसल र कुखुरा फर्म व्यवसायबाट २ कोठे भवनलाई चारकोठे बनाएका छन भने नयाँ मोटरसाइकल समेत खरिद गरिसकेका छन् । त्यसैगरी अहिले उनका श्रीमान् पनि विदेश जानु परेको छैन उनी र उनका श्रीमान् पसल कुखरा फार्म, फ्रेस हाउस व्यवसाय सम्हाल्दै आफ्नो परिवारसंगै रमाएर बसेका छन् । हाल वहाँहरुको मेहनत देखेर राम्रो भयो भन्ने गरेका छन र आफू लगनशिल भई काम गरे सानो व्यवसायले पनि राम्रो आम्दानी गरी परिवार पाल्न सक्ने उदाहरण बन्न सकेकी छन् । यसरी सानो पूँजीबाट पनि स्थानीय स्तरमा आम्दानी गर्न सक्ने यथेष्ट सम्भावना छन् भन्ने सन्देश दिएकी छिन तिलु नेम्बाङ र उहाँको श्रीमानले । ❖❖❖

## गाउँमा ........

हौसला मिलेको छ । सहकारी सँस्था मै आएर विभिन्न किसिमका सल्लाह सुझाव र प्रतिक्रिया पाउँदा धेरै उर्जा मिलेको अध्यक्षको भनाई छ । घरको चुलो चौकोमा मात्र सिमित रहनु पर्ने यस ग्रामीण भेगका महिलाहरु, अहिले सहमति सस्थाले गाउँगाउँमा सचेतना कार्यक्रम संचालन गर्न थाले पछि परिवर्तनको महशुस भएको छ । महिला दिदीबहिनीहरु आज आएर समुह, समाजमा आफ्नो समस्या प्रस्तुत गर्ने, समस्याको न्युनीकरण गर्ने, सामाजिक कामहरु गर्न सफल भएको छ । सहकारीमा व्यवसायिक र अन्य सामाजिक काम गर्नका लागि ऋण माग्ने सदस्यहरुको समेत लाइन हुने गरेको छ । **“सहकारीले गाउँका साहुको चर्को ब्याजलाई विस्थापित”** गराएको छ । साहुको चर्को ब्याजको ऋण चलाउन छोडेर अहिले सहकारीमा ऋण माग गर्न आउँछन । सहकारीले गाउँको साहुको चर्को ब्याजदेखि पनि बचाएको कुरा सँस्थाबाट रु १ लाख ऋण लिई अदुवा खेती गरेकी मांतेवा १ की उमादेवी राईले बताइन् । यस वर्ष मात्र उनले लगभग १६०० के.जी. सम्म अदुवा उत्पादन भएको र बजार टाढा रहेकाले सोचे जस्तो बिक्री गरी आम्दानी गर्न नसकेको राईले बताइन । ग्रामीण स्वावलम्बन कोष कार्यक्रम अन्तर्गत नेपाल राष्ट्रबैंकबाट मांतेवा महिला सहकारीलाई २० लाखको ऋण माग गरिएको छ । जसका लागि सहमति संस्थाको विशेष प्राविधिक सहयोगमा आवश्यक कागजात बिराटनगरमा बुझाइ सकिएको छ । सो रकम आएपछि व्यवसायका लागि ऋण लिन लाइनमा बस्नु नपर्ने संचालक समितिको योजना रहेको छ । सहकारीमा बचत गर्न पाउने र आफूलाई साह्रो गाह्रो भइहालेको अवस्थामा तुरुन्तै आफ्नो बचत फिर्ता पनि पाउने र व्यवसायिक ऋण तथा अन्य सामाजिक कार्य गर्नलाई पनि भने जस्तो ऋण पाउन थालेकोले हाल आएर सहकारी प्रतिको मोह र प्रभावकारिता बढिरहेको छ । यहाँका पुरुष दाजुभाईहरुले पनि महिलाहरुको यो सरहनीय कार्यप्रति सकारात्मक सोचाई राखेको पाईन्छ । ❖❖❖

# बाढी उत्थानशील परियोजनाले महिलाहरूमा ल्याएको परिवर्तन

सुबास देवकोटा
प्रबन्ध तथा वित्त अधिकृत, नेपाल भारत सिमा बाढी उत्थानशील परियोजना

सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित नेपाल भारत सीमा उत्थानशिल समुदाय परियोजना, नवलपरासी जिल्लाको दक्षिणी भेग जहाँ बाढी, आगलागी तथा अन्य विपद्बाट जनताहरु प्रभावित हुँदै आइरहेको छ । दक्षिणी भेगका साविक गाविसहरु त्रिवेणी सुस्ता, रुपौलिया, सोमनी, भुजहवा, कुडिया, नर्सही, गुठीप्रसौनी, पक्लिहवा र प्रतापपुर गरी ९ वटा गाविसमा विगत २५ महिनादेखि सञ्चालन भइरहेको छ । यस परियोजनाको मूख्य उद्देश्य बाढी प्रभावित क्षेत्रको समुदायलाई उत्थानशील समुदाय बनाउने नै रहेको छ । बाढी र यसबाट पर्ने असरलाई सामना गर्ने क्षमता बढाउने यस परियोजनाको प्रमुख उद्देश्य रहेको छ । यसै सन्दर्भमा यस परियोजनाले त्रिवेणी सुस्ता, सुस्तामा करिव ५०० जना अट्ने भुकम्प प्रतिरोधी, अपाङ्गमैत्री, बालमैत्री आकस्मिक आश्रय स्थल, कल्भर्ट, बाटो मर्मत, बाँध निर्माण लगायत सहकारीलाई व्यवस्थित, सुशासन र पारदर्शी बनाउन विभिन्न तालिम, सेफ बक्स, कम्प्युटर प्रदान गरेको छ । नारायणी नदी रियु र लोथर खोलाको पानीको सतहदेखिने डिजिटल डिस्प्ले वोर्डको निर्माण गरी प्रहरी चौकी नर्सहीमा राखेको छ । जसले गर्दा त्यस वरपरका क्षेत्रका मानिसहरुले सजिलैसँग बाढीको पूर्वसूचना प्राप्त गर्न सक्दछन् । त्यस कार्यलाई मजवुत र सरल बनाउनको लागि हरेक गाविसमा विपद् व्यवस्थापन समितिलाई विभिन्न तालिम र विपद् व्यवस्थापन योजना निर्माण गरी सोही अनुरुप कार्य गर्दै आइरहेको छ । यस परियोजनाले पूर्व सूचना र यसको प्रणालीलाई जिल्ला र केन्द्रसम्म जोड्नको लागि नवलपरासी जिल्लाको सदरमुकाम परासीमा जिल्ला प्रशासनको हाताभित्र दुई कोठे भवन निर्माण गरी फर्निचर समेत सहयोग गरेको छ ।

यस परियोजनाको बलियो र सवल पक्षको रुपमा कुरा गर्नुपर्दा अति पिछडिएका समुदायका महिलाहरुको सर्वाङ्गिण क्षमता विकास, समाजको विकास निर्माण, नीति निर्माण तर्जुमा र अन्य कार्यमा समेत महिला सहभागिता उल्लेखनीय रुपमा बढ्दै आइरहेको छ । यस परियोजनाले तालिम र अन्य सहयोग प्रदान गरिसकेपछि त्यस क्षेत्रमा रहेका महिला सहकारीहरुको स्तरउन्नतिको साथसाथै महिलाहरुद्वारा सञ्चालित सहकारी माथि आम समुदायको विश्वासमा पनि वृद्धि हुँदै आएको छ । भित्री मधेश र त्यस क्षेत्रमा सञ्चालनमा रहेका महिला सहकारीहरु सहकारी व्यवस्थापन तालिम लगायत अन्य तालिमहरु पश्चात् सहकारीको मूल्य र मान्यता अनुसार नै अगाडि बढी सहकारीको स्तरउन्नतिको लागि भित्री मधेशका महिलाहरु अगाडि बढेको देखिन्छ । परियोजना शुरु हुन भन्दा पहिले र त्यस पश्चात् महिलाहरुमा छुट्टै खालको आत्मविश्वास, नेतृत्वदायी भावनामा विकास भएको छ भने सहकारीको बचत वृद्धि, ऋण लगानीको क्षेत्रमा पनि केही सुधार आएको पाइएको छ । जसले गर्दा त्यस क्षेत्रमा मानिसहरुको जीवनस्तरमा वृद्धि भएको छ । विभिन्न टोल टोलमा रहेका महिला समूहहरु जसले थोरै थोरै बचतको माध्यमबाट आफ्नो बचत गर्ने बानी समेत त्यस क्षेत्रका महिलाहरुमा देखिएको छ । महिलाहरु जो घरको चुलो, चौकोमा मात्र केन्द्रित थिए । उनीहरु समेत महिला समूह र सहकारीमा आवद्ध भई बचत गर्नेका साथसाथै आफ्नो भूमिका समाजको अन्य क्षेत्रमा समेत लगाएका छन् । परियोजनाले महिलाहरुको सीप विकास र आर्थिक विकासका लागि ३ महिने सिलाई कटाईको तालिम र मेशिन समेत प्रदान गरी १० जना भन्दा बढी महिला दिदीबहिनीहरुले अहिले व्यवसाय नै शुरुवात गरिसक्नु भएको छ । यसको साथसाथै परियोजनाले कृषि क्षेत्रको विकास र जीविकोपार्जनको क्षेत्रलाई पनि मध्यनजर राख्दै विभिन्न मौसमी खेती, तालिमको साथसाथै बीउ विजनबाट प्राविधिक सहयोग समेत गर्दै आएको छ ।



बाढीबाट त्यस क्षेत्रमा पर्ने आर्थिक हानि, नोक्सानीलाई कम गर्ने उद्देश्यले बालीनाली, पशु तथा जीवन विमा लगायत विभिन्न विमा सम्बन्धीका कार्यक्रमहरुलाई समुदायमा सु-सुचित गराउन विभिन्न क्रियाकलापहरु सहकारी मार्फत गराई बाढी पश्चात् हुने धनजनको जोखिम न्यूनिकरण गर्ने कार्यमा सहयोग पुऱ्याउने यस परियोजनाको अर्को महत्वपूर्ण लक्ष्य रहेको छ । समाजको आर्थिक र सामाजिक रुपान्तरणको साथसाथै समुदायको उत्थानशील कार्यमा यस परियोजनाले भूमिका महत्वपूर्ण बन्दै आइरहेको छ । अझ यस क्षेत्रका बाढी प्रभावित क्षेत्रका समुदायलाई लक्षित गरी जीविकोपार्जनको कार्यक्रम, पूर्व सूचनालाई अझ व्यवस्थित बनाउन SMS system र विपद् व्यवस्थापन समिति र यसको दिगोपनाको लागि यस परियोजनाले आफ्ना कार्यक्रमहरु सञ्चालन गर्ने, यसको साथसाथै भित्री मधेशको महिलाहरुद्वारा सञ्चालित केहि सामाग्रीहरुको व्यवस्था गरी सहकारीको क्षमता अभिवृद्धि गरी जसले गर्दा बाढी प्रभावित क्षेत्रमा बसोबास गर्ने महिला, बालबालिकाहरुमा बाढी पश्चात् आइपर्ने आर्थिक समस्याको पाटोलाई समाधान गर्न केहि हदसम्म सहयोग मिल्ने अपेक्षा लिएको छौं । ❖❖❖

## व्यवसायिक.........

खेतीबाट मनग्यै आम्दानी हुने र घर चलाउन अनि छोराछोरीलाई पढाई खर्च गर्न समेत सहज भएको बताएका छन् । आफू सदस्य भएको देउराली बचत तथा ऋण सहकारी ओयाकजुङ्गमा मासिक पहिले रु.५०।- गर्दै आएकोमा हाल मासिक रु.१००।- का साथै २ नानीहरुको वाल बचत मासिक रु.१००।- का दरले गरेको वताउँछन् ।

खुर्सानी र अलैची खेती गर्नको लागि नेत्र प्रसादलाई उनकी श्रीमतीले पनि सघाउनु हुन्छ । बार्षिक १ लाखको आम्दानी गर्ने सपना बुनेका र सहकारी संस्थाबाट लिएको ऋणलाई व्यवसायिक रुपमा सदुपयोग गरी आम्दानी बढाएको बताउँछन् । परम्परागत खेती र व्यवसायिक खेतीमा आकाश र जमिनको फरक भएको बताउँछन् ।

अन्त्यमा तपाईको केही भन्नु छ भन्ने प्रश्नमा कार्यक्रमले मलाई वित्तीय साक्षरताको सहजकर्ता बनाएर व्यवसाय गर्ने तर्फ उन्मुख गरायो । यस बाट मैले धेरै लाभ लिए यसको लागि कार्यक्रमलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु । ❖❖❖

# तथ्याङ्कमा सहमति

| क्र. | कार्यक्रमको नाम | ाझेदार ंस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित संख्या | | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जातियताको आधारमा | | | | लिङ्ग र बर्षको आधारमा | | | |
| | | | कार्यरत जिल्ला | कार्यक्रमले मेटेको गाबि हरु | | दलित | जनजाति | अन्य | जम्मा | महिला | युवा | महिला | पुरूष |
| १ | नेपाल भारत सीमा बाढी उत्थानशिल समुदाय परियोजना | लुथरन वर्ल्ड रिलिफ | नवलपरासी | त्रिवेणी सुस्ता, कुडिया, नर्सही, पकलीहवा, रुपौलिया, गुठी प्रसौनी, सोमनी र भुजहवा | २३३० | ३१४ | १६२० | १२९७ | ३२३१ | १५७० | १६७१ | १ | ३ |
| २ | जिविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम | अक्सफाम | नवलपरासी | जौवारी, भारतीपुर, अर्खला, नरम, मिथुकरम, रुचाङ्ग, बुलिङ्गटार, मुकुन्दपुर | ३७६३ | ६२२ | ३३०१ | ६६४ | ४४८७ | ३६९४ | १८६० | ० | ४ |
| ३ | वित्तिय सेवातथाजिविकोपार्जनमादिगो पहुंच-२ (सफल-२) | मर्सिकोर नेपाल | संखुवासभा,भोजपुर,तेह्रथुम,पाँचथर र ताप्लेजुङ | ५ जिल्लाका १२८ गा.वि.सहरु | १६८४० | १२३८ | ९५८७ | ६३२३ | १७१४८ | ६६९२ | १०४५६ | ११ | २३ |
| ४ | जलाधार परियोजना | प्राक्टिकल एक्सन नेपाल | नवलपरासी | देवचुली गाविस | ३२० | ३५ | २०८ | ७७ | ३२० | २७०० | १३५० | ० | १ |
| ५ | केन्द्रिय कार्यालय | आन्तरिक | नवलपरासी | - | | | | | | | | २ | ५ |
| | जम्मा | | | | २३२५३ | २२०९ | १४७१६ | ८३६१ | २५१८६ | १४६५६ | १५३३७ | १४ | ३६ |

# कार्यक्रमका मुख्य उपलब्धिहरू

## जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम

सन् २००५ मार्चदेखि सहमति तथा अक्सफाम हङकङसँगको साझेदारीमा ग्रामीण स्वावलम्वन प्रयासहरुको प्रवर्धन (समुन्नति) कार्यक्रमको नामबाट सन् २०१५ मार्चसम्म निरन्तर सञ्चालनमा रह्यो । हाल सन् २०१५ अप्रिलदेखि अक्सफाम GB सँगको साझेदारीमा जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रम सञ्चालन भइरहेको छ । कार्यक्रमको लक्ष्य “गरिवी तथा उत्पिडन न्यूनिकरणका लागि खाद्य र आयको सुरक्षामा जोड दिदै लक्षित समुदायको विकासमा सहभागिता वृद्धि गर्दै उनीहरुको संकटासन्नता न्यूनिकरणद्वारा सम्पन्नता अभिवृद्धिमा योगदान पुऱ्याउने” रहेको छ । अन्य कार्यक्रमगत मूख्य विषयमा भने ठूलो अन्तर रहेको छैन ।

- ४ वटा गाविस (जौवारी, भारतीपुर, रुचाङ्ग र मिथुकरम) का स्थानीय निकाय, सरकारी कार्यालय, सहकारी र कृषक समूहहरु बीच सरकारी निकाय र सहकारी संस्थाबाट उपलब्ध सेवा, सुविधा बारे अर्न्तक्रिया कार्यशाला सम्पन्न भई सेवाग्राही समूह सदस्यहरुमा सरकारी सेवा लिने/पाउने बारे जानकारी/चेतनामा अभिवृद्धि भएको ।
- बचत तथा ऋण व्यवस्थापन २ दिने तालिममा ७ वटा सहकारी संस्थाहरुको सहभागीता भई संस्था स्तरमा बचत वृद्धि गर्ने र ऋणको असुली र सद्प्रयोग बढाउने प्रभावकारी तौर तरिका बारे थप ज्ञान, सीप अभिवृद्धि भएको छ ।
- स्थानीय निकाय, साविक गाविस सचिव, जिल्ला स्थित प्रमुख सरोकारवाला सरकारी निकाय -जिल्ला कृषि, पशु सेवा, महिला तथा बालबालिका, डिभिजन सहकारी कार्यालय) का प्रतिनिधिहरु र पत्राकारहरुको कार्यक्षेत्र भ्रमण तथा जीविकोपार्जन तथा सशक्तिकरण कार्यक्रमको बार्षिक समिक्षा सम्पन्न/कार्यक्रमका लागि आगामी दिनमा सुधार गर्नुपर्ने पक्षमा महत्वपूर्ण सुझाव प्राप्त ।
- जौवारी, नरम, मिथुकरम र रुचाङ्गमा गरी ८ वटा साना सिञ्चाई (७ कुलो मर्मत, १ सिमेन्ट ट्यांकी) मर्मत तथा निर्माण कार्य भई ५८० रोपनी खेत बाँझो हुनबाट जोगिएको छ र जसबाट १८० घर लाभान्वित भएका छन् ।
- कार्यक्षेत्रका ८ वटा साविक गाविसका आधुनिक कृषि प्रविधि सम्बन्धी सूचनाबाट बञ्चित कृषकहरुलाई लक्षित गरी उन्नत बाखा, बंगुर र कुखुरापालन र अदुवा तथा कोसेवालीसँग सम्बन्धी सूचना सामाग्री १८० वटा फ्लेक्स प्रिन्टमा तयारी गरी ८ वटा सहकारीमा आवद्ध १८० वटै समूहमा वितरण गरियो । जसबाट कृषकहरुले आफूलाई परेको समस्याबाट बच्न आवश्यक उपाय अवलम्वन गर्न सक्नेछन् ।

## नेपाल भारत सीमा बाढी उत्थानशील परियोजना

नवलपरासी जिल्लाको दक्षिणी भेगका बाढी प्रभावित ९ वटा साविक गा.वि.स. (त्रिवेणी सुस्ता, रुपौलीया, भुजहवा, सोमनी, गुठी पर्सौनी, पक्लिहवा, नर्सही, कुडिया र प्रतापपुर) लाई लक्षित गरी सहमति र लुथरन वर्ल्ड रिलिफको साझेदारीमा सञ्चालित नेपाल भारत सीमा उत्थानशील परियोजनाले बाढी पूर्व र त्यस पश्चात आइपर्ने समस्याबाट बच्न र बचाउने उद्देश्यले मूख्य रुपमा मिति २०१५ अप्रिलदेखि निम्न क्रियाकलापहरु सञ्चालन गरेको छ ।

- नेपाल भारत सीमामा समुदायमा आधारित पूर्व सूचना प्रणाली स्थापनाको लागि डिजिटल डिस्प्ले बोर्डको व्यवस्था भएको ।
- लक्षित समुदायमा वैकल्पिक जीविकोपार्जनका स्रोतहरु माथि क्रमिक रुपमा पहुँच हुँदै गएको ।
- लक्षित समुदायको वित्तीय सेवामा पहुँच
- सहकारी संस्थाहरुको संस्थागत विकासका लागि नर्सही महिला र रुपौलिया महिला बचत तथा ऋण सहकारी संस्थाहरुलाई १/१ थान कम्प्युटर तथा त्रिवेणी र पक्लिहवा बचत तथा ऋण सहकारी संस्थालाई १/१ थान सेफ बक्स हस्तान्तरण ।
- सहकारी संस्थाहरुको क्षमता अभिवृद्धिका लागि सहकारी व्यवस्थापन तथा लेखा सम्बन्धी ४ वटा तालिम सम्पन्न ।
- बाढी प्रभावित समुदायको जोखिम न्यूनिकरण सम्बन्धी संस्थागत क्षमता अभिवृद्धिका लागि तालिम तथा गोष्ठी सञ्चालन
- बाढी पूर्व सूचना प्रणाली र विपद् जोखिम न्यूनिकरणका लागि नेपाल भारत सीमा क्षेत्रका कार्यदलहरुको विपदका मुद्दाहरु पहिचान गर्ने क्षमतामा वृद्धि भएको ।
- समुदायस्तरमा गठन भएका विपद् व्यवस्थापन समिति सदस्यहरुको क्षमता वृद्धि ।

## सफल-२

सहमति र मर्सिकोर नेपालको साझेदारीमा वित्तीय सेवा तथा जीविकोपार्जनमा दिगो पहुँच (सफल-२) परियोजना सन् २०१६ जूनदेखि पूर्वी नेपालका ५ वटा जिल्लाहरुमा क्रमश: संखुवासभा, भोजपुर, तेह्रथुम, पाँचथर र ताप्लेजुङ्गमा स्थापना भएका १२८ गाविसमा रहेका १३४ वटा सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी संलग्न सदस्यहरुको वित्तीय सेवा तथा जीविकोपार्जनमा दिगो पहुँच पुऱ्याउने अभिप्रायले यस परियोजना सञ्चालन भइरहेको छ ।

- परियोजनाको ५ वटै जिल्लामा रहेका सहकारीहरुलाई लेखा सम्बन्धी ५ दिने तालिम दिई सहकारी लेखा र कार्यालय व्यवस्थापनमा दक्ष बनाइएको ।
- सहकारीको संस्थागत र दिगोपनाका लागि ३ दिने नेतृत्व विकास तालिम सञ्चालन ।
- बचत तथा ऋण व्यवस्थापन ४ दिने तालिममा परियोजनका कार्यक्षेत्र मध्य पाँचथर,त्रेहथुम,भोजपुर र ताप्लेजुङ्गमा गरि ४ वटा जिल्लका कूल १०४ वटा सहकारी संस्थाहरुको सहभागीता भई संस्था स्तरमा बचत वृद्धि गर्ने र ऋणको असुली र सदुपयोग बढाउने प्रभावकारी तौर तरिका बारे थप ज्ञान, सीप अभिवृद्धि ।
- पाँच बटा जिल्लामा सहकारीहरुको कारोबार र आवश्यकता पहिचान गरी ४४ बटा सहकारीमा व्यवसायकि योजना निमार्ण र त्यसमा नियमित छलफल गरी सहकारीहरुको कारोबारमा सुधार ।
- सहकारीमा नै गई लेखा र शुसासन सम्वन्धी प्राविधिक छलफल गर्दा सहकारीमा देखिएका समस्याहरु र सुधार गर्नुपर्ने विषयमा छलफल गरियो । सहकारीको लेखा राख्ने प्रक्रिया,चार खाता र साहयक खता निमिलेका विषयमा छलफल गरी सुधारको लागि सल्लाह सुझाब प्रदान गरियो । सहकारीको कारोबार, भाखा नाघेको ऋण र सदस्य बिस्तारको लागि आवश्यक रणनिति बनाई घर दैलो कार्यक्रम सम्पन्न।
- सहकारी सचेतना र वित्तिय साक्षरता कक्षाबाट सहकारीमा सदस्यहरुको वृद्धि भई निस्कृय सदस्यहरु समेत सहकारीमा बचत गर्न थालेको ।
- पाँचथरको लुम्फावुङ्ग सकोस, तेह्रथुमको छातेढुङ्गा सकोस र संखुवासभाको चेतनशील महिला सकोसमा सम्पूर्ण घरधुरी आवद्ध घोषणा सम्पन्न गरिएको साथै त्यही सहकारीहरुको सरकारी निकायबाट सहकारीको अनुगमन गरी आगामी दिनमा सुधार गर्नुपर्ने पक्षमा महत्वपूर्ण सुझाव प्राप्त ।
- केही सहकारीहरुले सञ्चालक समितिको बैठकमा नियमित रुपममा संस्थाको कारोबारको विवरण व्यवस्थापकले प्रस्तुत गरी त्यस उपर छलफल गर्ने गरेको ।
- सहकारीहरु सहकारको विनियम र बचत तथा ऋण निति अनुसार सहकारीको कारोबार गर्दै जानु ।
- थोक कर्जाको लागि कार्यशाला गोष्ठी आयोजना गरी १४ वटा सहकारीले राष्ट्र बैंकबाट थोक कर्जा माग ।
- भोजपुर जिल्लामा सहकारीले पशु कार्यालय र बीमा कम्पनीको समन्वयमा पशु विमा शुरुवात ।
- सहकारीका सदस्यहरुले सहकारीबाट ऋण लगि विभिन्न व्यवसाय जस्तै: कुखुरापालन, तरकारी खेती, बंगुरपालन, किराना पसल र ग्यारेज सञ्चालन गरी जिविकोर्पाज गर्दै गरेको ।
- सहकारीहरुले समयमै साधारणसभा गरी त्यसको प्रतिवेदन विभिन्न सरकारी निकाय र सहयोगी संस्थाहरुमा बुझाउने काम सम्पन्न ।

## जलाधार परियोजना

सहमति र प्राक्टिकल एक्सनको साझेदारीमा अप्रिल २०१७ देखि नवलपरासी जिल्लाको देवचुली नगरपालिका प्रगतिनगर गैढी र बोटे टोललाई कार्यक्षेत्र बनाई यस परियोजना सञ्चालनमा भइरहेको छ । यस परियोजनाको मूख्य उद्देश्य जलवायु परिवर्तनबाट पर्नसक्ने सम्भावित असरहरुबारे अनुकुलन गर्ने र सामुदायिक विकासको अवधारणाबाट गाउँ टोललाई नमूनाको रुपमा विकास गर्ने रहेको छ । यस परियोजनामा कार्यक्षेत्रका समुदायहरुलाई सहकारी व्यवस्थापन सम्बन्धी तालिम दिने काम सम्पन्न भएको तथा सिँचाई कुलो योजना विस्तारको काम सञ्चालन भइरहेको छ ।

## सहज स्वास्थ्य सहकारी संस्था लि.

- सहज सामुदायिक अस्पताल एम्बुलेन्स सेवा सञ्चालन नियमावली २०७२ पारित गरी सहज सामुदायिक अस्पतालका लागि TATA SUMOE 4 x 4 को एक एम्बुलेन्स खरिद ।
- ASPADA Foundation वंगलादेश र सहज सामुदायिक अस्पतालबीचको सम्झौता अनुसार सहज सामुदायिक अस्पतालको तर्फबाट १ बर्षका लागि Participant Exchange कार्यक्रम अन्तर्गत १ बर्षको लागि सर्लाही निवासी डा. अमरेन्द्र प्रसाद कुशवाह र गैंडाकोट- ८ निवासी शिव सुवेदीलाई पठाउने निर्णय गरी सहज सामुदायिक अस्पतालको तर्फबाट सिकाई आदान प्रदानका लागि वंगलादेशमा सहभागिता ।
- संस्थाका शेयर सदस्यहरुलाई आफू र आफ्ना परिवारको आकस्मिक स्वास्थ्य उपचारका लागि रकमको अभाव भएमा यथाशिघ्र उपचारका लागि विना ब्याज १ महिनाका लागि अधिकतम रु २५,०००।-सम्म कर्जा प्रदानको शुरुवात ।
- धुलिखेल अस्पतालको प्राविधिक सहयोग र सहज सामुदायिक अस्पतालको आयोजनामा असोज ३ गतेदेखि ५ गतेसम्म वृहत स्वास्थ्य शिविर सम्पन्न गरियो र सो क्रममा २६ जनाको सर्जरी समेत सम्पन्न ।
- अस्पतालको लागि शल्यक्रिया समेत गर्न सक्ने पूर्णकालिन डाक्टरको आवश्यक भएकोले २०७३ पौष १ गतेदेखि लागु हुने गरी १ जना MDGP डाक्टर नियुक्ती गरी कार्य प्रारम्भ ।
- अस्पतालबाट प्रदान गरिने सेवा शुल्कको विल सफटवेयरबाट दिन शुरुवात गरियो ।
- घरदैलो प्राथमिक स्वास्थ्य सेवा र पोषण शिक्षाका बारेमा समुह-समुहमा गई अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- अल्का अस्पताल र काठमाण्डौ डाईवेटिज एण्ड थाईराईड सेन्टर प्रा.लि. सँगको सहकार्यमा मधुमेह, थाईराईड, मुटु रोग सम्बन्धी विशेषज्ञ चिकित्सकबाट नियमित क्लिनिक सञ्चालन कार्यको थालनी ।
- मधुमेह प्रभावित बिरामीहरुलाई मध्यनजर गरी मधुमेह समाज गैंडाकोटसँगको सहकार्यमा नियमित स्वास्थ्य परीक्षण शिविरहरु सञ्चालन एवम् जिल्ला जनस्वास्थ्य कार्यालय न.पा.सँग समन्वय गरी नि:शुल्क औषधीको वितरण शुरुवात ।
- गैंडाकोट नगरपालिकासँगको सहकार्यमा गैंडाकोट नगरपालिका भित्रका विपन्न जेष्ठ नागरिकहरुलाई लक्षित गरी १५ दिने स्वास्थ्य शिविर सम्पन्न ।
- घरदैलो प्राथमिक स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत सहज सामुदायिक अस्पतालमा आबद्ध महिला समुहका सदस्यहरुलाई स्वास्थ्य स्वयं सेविका तालिम प्रदान ।

## केन्द्रीय कार्यालय गतिविधि

- संस्थाको कार्यनीतिक योजना एवं परिमार्जनका लागि संस्थाका कार्यसमिति सदस्य, सल्लाहकार समिति सदस्य, साधारण सदस्य एवं कर्मचारीहरुको सहभागितामा मिति २०७३ पौष २३ र २४ गते अमलटारीमा सम्पन्न ।
- सहमति अध्ययन केन्द्रलाई व्यवस्थित गर्न र संस्थाले उत्पादन गरेका विभिन्न सामाग्रीहरु, संस्थाका सदस्य, कर्मचारी एवं समुदायले उत्पादन गरेका सामाग्रीहरुको बजारीकरण सहज बनाउनका लागि सहमति कोसेली घरको स्थापना ।
- सहमति, सहज एवं गैंडाकोट रोटरी क्लवको संयुक्त आयोजनामा वनभोज कार्यक्रम सम्पन्न ।
- संस्थाको संस्थागत विकासका लागि सदस्यहरुको भूमिका तथा योगदान विषयक बैठक मिति २०७३ फाल्गुण २८ गते सम्पन्न ।
- नयाँ २०७४ को शुभकामना आदान प्रदान कार्यक्रम मिति २०७३ चैत्र ३१ गते संस्थाका सदस्यहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि एवं सहमति छिमेकीहरुको सहभागितामा सम्पन्न ।
- गैंडाकोट नगरपालिकाभित्र पर्ने साविक गैंडाकोट गाविसमा गठन भई दर्ता गरिएका बालक्लवहरुको संस्थागत विकासका लागि १४ दिने "वित्तीय साक्षरता कक्षा" २०७४ वैशाख ०३ गतेदेखि शुरुवात भई वैशाख १७ गते सम्पन्न ।

## सहमति अध्ययन केन्द्र

मंसिरदेखि वैशाखसम्म : ४० दिन

कूल सहभागी : ३७५ महिला : १३१ पुरुष : २४४

# हाल सञ्चालित कार्यक्रमहरूको फोटो झलक



सहकारीबाट ऋण लिई सिलाई कटाई व्यवसाय शुरु गर्दै, पाँचथर ।



विपद् व्यवस्थापन समितिका सदस्यहरु बाढी पूर्व सूचना सम्बन्धी छलफल गर्दै, त्रिवेणी सुस्ता



खोज तथा उद्धार तालिमको अभ्यास गर्दै खोज तथा उद्धार कार्यदलका सदस्यहरु, त्रिवेणी सुस्ता



सहकारी शिक्षा शिविरका सहभागीहरु, ताप्लेजुङ



वित्तिय साक्षरता कक्षा सञ्चालन, तेह्रथुम




संस्थाको कार्यनीतिक योजना एवम् परिमार्जनका लागि संस्थाका कार्य समिति सदस्य, सल्लाहकार सदस्य, साधारण सदस्य एवम् कर्मचारीको सहभागीता, अमलटारी, नवलपरासी




साविक चुहानडाँडा हाल आठराई गा.पा.६ चुहानडाँडा, तेह्रथुममा शतप्रतिशत घरधुरी सहकारीमा आवद्ध घोषणा सभा



६० औं राष्ट्रिय सहकारी दिवशको अवसरमा लिङ्खीम बचत तथा ऋण सहकारी उत्कृष्ट सहकारीको रुपमा पुरस्कृत, ताप्लेजुङ्ग



युवा वित्तिय साक्षरता कक्षामा सहभागी भाईवहिनीहरु, पाँचथर



सहकारीबाट ऋण लिई व्यवसाय सञ्चालन गर्दै, ताप्लेजुङ



खुत्रुके बचत शुरु गरी सहकारीमा पैसा जम्मा गर्दै, संखुवासभा



सहकारीको रेमिटेन्स सेवाबाट रकम बुझ्दै महिला दिदी, जौवारी, नवलपरासी



मोतीमाया चितौरे आफ्नै करेसाबारीमा रमाउँदै भारतीपुर

प्रेषक

सहमति
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट